मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

कस्तो छ नेपाल–भारत सैनिक सम्बन्ध ?

सामग्री पृष्ठ ७ मा



वर्ष ३ | अंक ९ | २०८१ साल मंसिर ३ गते सोमबार | Monday 18, November 2024 | सूर्योदय: बिहान ६:२७ बजे | सूर्यास्त: साँझ ५:१३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# ओली सरकारले मधेशको शिक्षा ध्वस्त बनायोः साह




**मधेशदृष्टि**
**सिरहा ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीले तराई मधेशको शिक्षा ध्वस्त बनाउन लागेको आरोप लगाएका छन् । विद्यार्थीको अनुपातमा तहगत र बिषयगत शिक्षक दरबन्दी कायम गरी शिक्षकको व्यवस्था गर्नुपर्ने भए पनि सरकारले मधेशमा त्यसो नगरी यहाँको शिक्षा व्यवस्था धवस्त बनाउन लागेको उनले बताए ।
आजपा मधेश प्रदेश कमिटीद्वारा आयोजित 'भ्रष्टाचार बिरुद्ध मधेश यात्रा' कार्यक्रमको आइतबार दोस्रो दिन सिरहा जिल्लाको मिर्चैया बजारमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले विगतमा मधेशको शिक्षा ठिक भए पनि पछिल्लो समय मधेशवादी भनाउँदाको प्रदेश सरकार र ओली सरकारले शिक्षा, स्वास्थ्य, रोजगार, उधोग व्यापार लगायतका क्षेत्र बर्बाद बनाएको बताए ।
मधेशमा गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने माग गर्दै आजपा अध्यक्ष साहले भने, 'विगतमा गुणस्तरीय शिक्षा लिन विद्यार्थीहरु पहाडबाट मधेशमा आउँथे । अहिले ठिक उल्टो भएको छ । यहाँ तहगत र बिषयगतको अभाव छ तर सरकारले त्यसको दरबन्दी कायम गरेर शिक्षकको व्यवस्था गरेको छैन । एउटै कक्षा कोठामा १०० भन्दा बढी विद्यार्थी कोचिएर पढनुपर्ने बाध्यता छ । तर यो अन्धो र बहिरा सरकारले बेखबर छ ।'
प्रदेश सरकार र संघीय सरकारलाई विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्ने, गुणस्तरीय शिक्षाको व्यवस्था गर्नुपर्ने लगायतका माग गर्दै आजपा निकटको आम विद्यार्थी मोर्चा संघर्ष गरिरहेको छ । आजपाले समेत यस बारेमा संघीय सरकारका शिक्षा मन्त्रीलाई ध्यानाकर्षण गराए पनि कुनै सुनुवाई नगरेको उनले बताए । शिक्षा ऐन विपरीत गरिएको शिक्षक दरबन्दीको असमान वितरण खारेज गर्न र विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने माग आजपाले गर्दै आएको छ ।
विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर, एउटै कक्षाकोठामा सयौं विद्यार्थी राख्न पाइदैन, विद्यार्थीको भविष्यसँग खेलवाड गर्न पाईदैन, तहगत र बिषयगत अपुग शिक्षकको पूरा गर, गुणस्तरीय शिक्षाको व्यवस्था गर, विभेदकारी शिक्षकको दरबन्दी वितरण खारेज गर, गुणस्तरीय शिक्षाको व्यवस्था गर, आम जनता पार्टी जिन्दावाद लगायतका नारा लगाउँदै यात्रामा सहभागिले सरकार बिरुद्ध चर्कोनाराबाजी समेत गरेका छन् ।
४० देखी ५० विद्यार्थी संख्यामा एक जना शिक्षक रहने सरकारी मान्यता विपरीत मधेशमा ८० देखी १०० विद्यार्थी बराबर एक शिक्षक रहेको र हजारौं विद्यालयमा शिक्षक दरबन्दी शुन्य रहेको साथै विषयगत शिक्षकको पुरै अभाव रहेको विडम्बनापूर्ण स्थितिमा विद्यार्थीको भविष्यको लागि आन्दोलनको बिकल्प नभएको आम विद्यार्थी मोर्चाका अध्यक्ष विवेक साहले जनाएका छन् ।
मधेशका अधिकांश विद्यालयमा १०० देखी ३०० सयसम्म विद्यार्थी कोचिएको विद्यालयमा तत्काल सेक्सन छुट्याई अपुग शिक्षक र आवश्यक भौतिक संरचना पुर्ति गर्नुपर्ने, विद्यार्थीको जनसंख्या हरेक बर्ष बृद्धि हुने हुनाले विद्यार्थी शिक्षक अनुपात मिलाउनका लागि प्रत्येक बर्ष विद्यार्थी भर्ना अभियानसँगै अपुग हुने शिक्षक दरबन्दी वैशाख महिनाको पहिलो साताभित्र शिक्षक सेवा आयोग खोली अनिर्वाय रुपमा पुर्ति गर्ने व्यवस्था गर्नुपर्ने माग आजपाले गरेको छ ।
भेलालाई सम्बोधन गर्दै आजपा अध्यक्ष वर्तमान सरकारका कारण मुलुकमा भ्रष्टाचार, बेथिति, अनियमितता बढदै गईरहेको र आम जनतामाथि करमाथि कर थुपारेर राज्यको ढुकुटी लुटने काम भईरहेको आरोप समेत लगाए ।
अहिले मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारको ठगी, भन्सारको मनोमानी कर, सिमावर्ती क्षेत्रमा सरकारले निजिसम्पती लुट्ने काम बढदै गईरहेको बताउँदै उनले सरकारले मुलुकमा आतंक मचाएको आरोप लगाए ।
भ्रष्टाचारी र अपराधीलाई संरक्षण गर्नका लागि बनेको वर्तमान सरकारको नेतृत्व गरिरहेको एमाले अहिले सत्ता र सडकबाट आतंक मचाएको आरोप लगाए । सरकारको नेतृत्व गरेका एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक र जनताका लागि काम गर्नुको साटो तर्साउने, डराउने, आतंक मचाउन सडकमा प्रदर्शन गर्न लागेको बताए ।
एमालेको सडक प्रदर्शन सत्ताको उन्मादको प्रहसन भएको टिप्पणी उनले गरे । प्रधानमन्त्री नै सडक प्रदर्शनमा उत्रिनु भनेको लोकतन्त्रको उपहास भएको टिप्पणी उनले गरे । 'सरकारले सडकबाट काउण्टर गर्ने जुन स्थिति निर्माण गरिरहेको छ त्यो भनेको बच्चालाई कुट्ने र रुन पनि नदिने कुरुरता हो' आजपा अध्यक्ष साहले भने ।
सप्तरीबाट सुरु भएको आजपाको भ्रष्टाचार बिरुद्ध मधेश यात्रा पाँच दिनसम्म चल्ने छ । भ्रष्टाचार बिरुद्धको मधेश यात्रा कार्यक्रम मधेशका विभिन्न जिल्लामा भेला, बैठक, खबरदारी सभा, अन्तरक्रिया, भेटघाट लगायतका कार्यक्रम गर्दै वीरगंज पुगेर समापन हुने आजपाका स्थायी कमिटी सदस्य रबिन्द्र सिंहले जनाएका छन् ।
मुलुकमा बढदै गईरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवं महंगी विरुद्ध आजपाले आन्दोलन गर्दै आएको छ । आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारको ठगी, भन्सारको मनोमानी कर लगायतका बिषयमा आवाज उठाउँदै आएको छ । आजपा सिरहा जिल्ला अध्यक्ष उदय साहको अध्यक्षतामा सम्पन्न 'भ्रष्टाचार बिरुद्ध मधेश यात्रा' कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्षद्धय समिना हुसेन, बिल्टु यादव लगायतको विशेष सहभागिता रहेको प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

# जानकी विवाह महोत्सवको निम्तो दिन मुख्यमन्त्रीको टोली अयोध्या प्रस्थान





**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहसहित दुई सय ५१ सदस्यीय प्रतिनिधिमण्डल आगामी मङ्सिर २१ गते हुने जानकी विवाह महोत्सवको निम्तो दिन वीरगंजबाट भारतको उत्तरप्रदेशको अयोध्यास्थित श्रीराम मन्दिरतर्फ प्रस्थान गरेको छ । विश्व हिन्दू परिषद् जनकपुरका प्रमुख सन्तोषकुमार साहले मुख्यमन्त्रीसहितको प्रतिनिधिमण्डल आइतबार वीरगंजबाट रक्सौलनाका हुँदै अयोध्यातर्फ प्रस्थान गरेको जानकारी दिए । 'शनिबार जनकपुरबाट बाजागाजासहित प्रस्थान थालेका थियौँ । शनिबार बेलुका वीरगंजमा आएर बास बस्यौँ । आइतबार रातिसम्म उत्तरप्रदेशस्थित अयोध्या पुग्नेछौँ । अयोध्या पुगेपछि सो मन्दिरका पदाधिकारीलाई जानकी विवाह महोत्सवको निम्तो गर्नेछौँ', उनले भने, 'सोमबार अयोध्यास्थित राममन्दिरमा तिलकोत्सवको आयोजना हुनेछ ।'
परम्परागत रूपमा आयोजना हुँदै आएको जानकी विवाह उत्सवमा सहभागी हुन प्रतिकात्मक रूपमा भगवान् श्रीरामका साथै चारै दाजुभाइ र रानीका लागि लत्ताकपडा, गरगहनासँगै माखन, दही, च्यूरा, फलफूलसहित मिष्ठान्न पकवान सौगात स्वरुप राममन्दिरका पदाधिकारीलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको परिषद्का प्रमुख साहले जानकारी दिए ।
मुख्यमन्त्रीसहितको प्रतिनिधिमण्डलमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, उद्योग वाणिज्य तथा पर्यटनमन्त्री मोहम्मद सकिल मियाँ, श्रम तथा यातायातमन्त्री कौशलकिशोर यादव, वन तथा वातावरणमन्त्री त्रिभुवन साहलगायत छन् । साथै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य महासङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी र जानकी मन्दिरका उत्तराधिकारी रामरोशनदास वैष्णवलगायत नागरिक समाजका प्रतिनिधि सहभागी छन् । विश्व हिन्दू परिषद् जनकपुरका प्रमुख साहले आगामी मङ्सिर २१ गते विवाहपञ्चमीको दिनमा अयोध्याबाट जनकपुरधाममा जन्ती आउने परम्परा रहेको बताए ।

# रवि लामिछानेसहित २२ जनाविरुद्ध काठमाडौंमा पक्राउ पुर्जी



**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी ठगी मुद्दामा रास्वपा सभापति रवि लामिछानेसहित २२ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । जिल्ला अदालत काठमाडौंबाट पुर्जी जारी भएको जिल्ला प्रहरी परिसर काठमाडौंले जानकारी दिएको छ । पुर्जी जारी हुने २२ मध्ये रविसँगै पूर्वडीआईजी छविलाल जोशी पनि छन् ।
काठमाडौं महानगरपालिका– १४ मा सञ्चालित स्वर्णलक्ष्मी सहकारीबाट बचतकर्ताको अर्बौं रकम हिनामिना भएपछि छानबिनका क्रममा लामिछाने, जोशी संलग्न गोर्खा मिडिया प्रा.लिमा रकम प्रवाह भएको पाइएको एसपी अधिकारले बताए ।
काठमाडौं महानगरपालिकाको छानबिन प्रतिवेदनका आधारमा उक्त घोटाला प्रकरणमा रवि र छविको संलग्नता देखिएको हो ।
सोही घोटालामा संलग्न काठमाडौं महानगरपालिका–६ घर भएका कमल लामा र वडा नम्बर ३१ की सुनिता नेवालाई प्रहरीले पक्राउ गरिसकेको छ ।
यता, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले दोस्रो चरणको आन्दोलन घोषणा गरेको छ । राजनीतिक प्रतिशोध बन्द गर्नुपर्ने सहितका मागपत्र सार्वजनिक गर्दै रास्वपाले मंसिर ८ गतेदेखि दोस्रो चरणको आन्दोलन गर्ने भएको हो ।
आइतबार आयोजित पत्रकार सम्मेलनमा पार्टीका नेताहरूले सभापति रवि लामिछानेलाई हिरासतबाहिर राखेर अनुसन्धान गर्न माग गरे । मागपत्रको दोस्रो बुँदामा सहकारी पीडित र मिटरब्याज पीडितलाई न्याय दिनुपर्ने उल्लेख छ । यसैगरी, रास्वपाले उच्च ओहदामा रहेका सबैको सम्पत्ति छानबिन गरी सार्वजनिक गर्नुपर्ने माग गरेको छ ।

# सोमबारदेखि जनकपुरधामका निजी विद्यालय बन्द हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका अन्तर्गतका सम्पूर्ण निजी विद्यालयहरु सोमबारदेखि बन्द हुने भएका छन् । निजी विद्यालयका संगठनहरुले संयुक्तरुपमा एक प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि अनिश्चितकालका लागि संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको हो ।
कक्षा ११ र कक्षा १२ मा अध्ययनरत्त विद्यार्थीहरुको हकमा जनकपुरधाम उपमहानगर र नेपाल विद्यार्थी संघबीच भएको सम्झौता सच्याउन आग्रह गरिए पनि बेवास्ता गरेको भन्दै संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको छ । हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त विज्ञप्ति जारी गर्दै जनकपुरधाम उपमहानगरले आफूहरुको माग कार्यान्वयन नगरेसम्म विद्यालयहरु अनिश्चिकालका लागि बन्द रहने जनाएको छ ।
'जनकपुरधाम नगर भित्र सञ्चालित संस्थागत विद्यालयहरुमा 'छात्रवृत्ति वितरण व्यवस्थापन समिति' मिति २०८१/०५/१३ गतेको निर्णयानुसार छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि २०७४ बमोजिम छात्रवृत्तिमा छनोट विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययनका लागि मिति २०८१/०५/१४ गतेमा हिसान धनुषा आवद्ध संस्थागत विद्यालयहरुमा पत्राचार गरेको र कार्यविधि २०७४ को ५.२ (ङ) बमोजिम सिफारिस भएको विद्यार्थीहरुबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेको र सोही अनुसार गर्दै आए पनि पून २०८१/०७/१४ गते फरक किसिमको निर्णय भई आएको हुँदा सो शुल्कमा पढाउन नसकिने भएकाले यसलाई सच्याउन उपमहानगरलाई पत्रमार्फत आग्रह गरिएको थियो । यद्यपि जनकपुरधाम उपमहानगरपालिकाले पत्रअनुसार केही पहल नगरेकाले सम्पूर्ण निजी विद्यालयहरु मंसिर ३ गतेदेखि अनिश्चितकालका लागि बन्द गर्न बाध्य भएका छौँ ।' विज्ञप्तिमा भनिएको छ ।
केही दिन अघि हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै जनकपुरधाम उपमहानगरपालिकाले विद्यालय भर्ना शुल्क निर्धारणसम्बन्धी गरेको निर्णयप्रति आपत्ति जनाउँदै फिर्ता लिन चेतावनी दिएका थिए । उनीहरुले छात्रवृत्ति वितरणमा जनकपुरधाम उपमहानगरपालिकाले मनोमानी गर्दै आएको आरोप समेत लगाउँदै छात्रवृत्ति वितरण व्यवस्थापन समिति गठनको माग गरेको प्याब्सन जनकपुरधामले जनाएको छ ।

# मेयरमाथि आक्रमणको प्रयास



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लामा शिक्षक सरुवाको बिषय लिएर देवाही गोनाही नगरपालिका भवन र मेयर प्रेमलाल साहको घरमा भएको आक्रमणको घटनाको टुंगो नलाग्दै सोही विषयमा फेरी एकजना मेयरमाथि आक्रमणको प्रयास भएको छ । जिल्लाको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालमाथि आक्रमणको प्रयास भएको हो । शिक्षक सरुवाको बिषय लिएर आईतबार १०÷१२ जनाको संख्यामा मेयर जैसवालको घरमा गएका मानिसहरू भनाभन गर्दै आक्रमणको प्रयास गरेका हुन् । आक्रामक शैलीमा गएका उनीहरूले मेयर जैसवालको घर अगाडी तथानाम गालीग्लौज गर्दै प्रतिबाद गरेका मेयरका छोरा शैलेस जैसवालमाथि हातपात समेत गरेका छन् । गत शुक्रबार नगर शिक्षा समितिको बैठकले ६ जना शिक्षकको सरुवा गर्ने निर्णय गरेको थियो । सोही मध्ये एकजना मावि गरुडाका शिक्षकलाई अन्य विद्यालयमा किन सरुवा गरेको भन्दै उनीहरू मेयर कन्थमणि जैसवाल माथि आक्रमण गर्न खोजेको बुझिएको छ । शिक्षक सरुवाको विषय नगरपालिकामा गएर सुल्झाउनु पर्नेमा केही राजनीतिक दलका नेता तथा अन्य शिक्षकहरुको उस्काहटमा गरुडा ४ का केही मानिसहरू यस प्रकारको अभद्र ब्यवहार गरेको मेयरका छोरा शैलेस जैसवालले बताए । गरुडा ४ का रामएकवाल पटेल, विरेन्द्र पटेल, दिलिप पटेल, होसनारायण यादव, श्याम यादव, छोटेलाल पटेल र लालबाबु यादव लगायतका मानिसहरू मेयर जैसवाल विरुद्द खुलैरै लागेको शैलेसले जानकारी दिएका छन् । यसैबीच अभद्र व्यवहारमा लागेका ७ जना विरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा लिखित उजुरी दिएको मेयरका छोरा शैलेसले बताएका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले सामान्य भनाभन भएको हो कुनै कसै माथी आक्रमण न भएको बताउँदै आवश्यक अनुसन्धान गरिरहेको बताएका छन् । शिक्षक सरुवाको बिषय लिएर देवाही गोनाही नगरपालिका भवन र मेयर प्रेमलाल साहको घरमा आक्रमण गर्दा ७५ लाख बराबरको क्षति भएको सार्वजनिक गरिएको थियो । उक्त घटनामा ईलाका प्रहरी कार्यालय गरुडाका १० जना बिरुद्द मुद्दा दायर गरिएको थियो ।

# पूर्वसभामुख ढुङ्गानाको निधन

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधन भएको छ । काठमाडौँको बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा उपचारका क्रममा ८३ वर्षको उमेरमा उनको आइतबार दिउँसो १:३० बजे निधन भएको ढुङ्गानाका स्वकीय डा रुद्र शर्माले जानकारी दिए ।

वरिष्ठ अधिवक्ता समेत रहेका ढङ्गाना कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत थिए ।

विसं २०४८ सालमा काठमाडौँ क्षेत्र नं २ बाट नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधिसभामा निर्वाचित उनी २०४८ देखि २०५१ सम्म सभामुख भएका थिए । नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान दिएका उनी राजनीतिक आन्दोलनका क्रममा पटक–पटक जेल पनि परेका थिए । उनका श्रीमति, दुई छोरा र एक छोरी छन् ।



ढुंगानाको सोमबार मात्र अन्त्येष्टि गरिने भएको छ । वेलायतमा रहेका छोरा फर्किन समय लाग्ने भएकाले सोमबार दिउँसो १२ बजे पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने भाञ्जा सुरज भट्टराईले जानकारी दिए । उनका छोरा डा. निमेष ढुंगाना म्यानचेस्टर युनिभर्सिटीमा अध्यापन गर्छन् । ढुंगानाका अर्का छोरा निशेष र छोरी नीतिका भने नेपालमै छन् ।

## ढुङ्गानाको निधनप्रति राष्ट्रपतिद्वारा श्रद्धाञ्जली

राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । आइतबार सामाजिक सञ्जालमार्फत उनले ढुङ्गानाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल रहेका परिवारमा समवेदना प्रकट गरेका छन् ।

'पूर्वसभामुख दमननाथ ढुङ्गानाको निधनले मर्माहत भएको छु, राजनीतिकर्मी, वरिष्ठ अधिवक्ता, नागरिक अगुवाको पहिचान बनाउनुभएका ढुङ्गानाले लोकतान्त्रिक आन्दोलनमा पु¥याउनुभएको योगदान सधैं स्मरण हुनेछ, प्रिय ढुङ्गानाप्रति श्रद्धाञ्जली र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु', राष्ट्रपतिले भनेका छन् । राष्ट्रपति पौडेलले नेपालको संवैधानिक र संसदीय इतिहासमा ढुङ्गानाको योगदान विशिष्ट रहेको स्मरण गरेको उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

# उपनिर्वाचनका लागि सप्तरीमा १७ जनाको उम्मेदवारी

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर १ र ४ मा वडा अध्यक्ष पदका लागि १७ जनाको उम्मेदवारी दर्ता भएको छ । आगामी मंसिर १६ गते हुने उप निर्वाचनमा वडा नं १ मा एक स्वतन्त्र सहित ९ जना उम्मेदवारी दर्ता गराएका छन भने वडा नं ४ मा ८ जनाले उम्मेदवारी दर्ता गरएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । गत स्थानीय तह निर्वाचनमा वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचित काङ्ग्रेसका प्रितमलाल चौधरीको र वडा नम्बर ४ मा वडाध्यक्षमा निर्वाचित काङ्ग्रेसकै हरि रायको निधन भएका कारण दुवै वडामा उपनिर्वाचन हुन लागेको हो ।

वडा अध्यक्ष पदका लागि नेपाली काङ्ग्रेसबाट वडा नम्बर १ मा भुलिया देवी चौधरी र ४ को अध्यक्ष पदका लागि जोगेन्द्र रायको उम्मेदवारी दर्ता भएको छ । नम्बर १ मा उम्मेदवारी दर्ता गराएकी भुलियादेवी चौधरी यस अधिका वडा अध्यक्ष प्रितमलाल चौधरीकी पत्नी हुन् ।

यसैगरी एमालेले वडा नम्बर १ मा भगवती साहलाई उम्मेदवार बनाएको छ । वडा नम्बर ४ को अध्यक्ष पदमा एमालेले सञ्जय यादवलाई उम्मेदवारी दिन लगाएको छ ।

यता जनता समाजवादी पार्टी (जसपा) वडा नम्बर १ को अध्यक्ष पदमा धिरेन्द्र साहलाई उम्मेदवार बनाएको छ भने वडा नम्बर ४ मा ४ नम्बर वडामा देवेन्द्र यादवले उम्मेदवारी दर्ता गराएका छन् । वडा अध्यक्षको उम्मेदवार बनेका साह नेकपा एमाले परित्याग गरी केही दिनअघि जसपामा प्रवेश गरेका थिए । यसैगरी नेकपा माओवादी केन्द्रबाट वडा नम्बर १ मा प्रमोद कुमार सन्त र वडा नम्बर ४ मा भागवत राम र नागरिक उन्मुक्तिबाट वडा नम्बर १ मा अनिरुद्ध प्रसाद चौधरी, वडा नम्बर ४मा शिव कुमार रामले मनोनयन दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । यता उप निर्वाचनका लागि जनमत पार्टीले वडा नम्बर १ मा शैलेन्द्र कुमार साह( तेली)लाई उम्मेदवार बनाएको छ । वडा नम्बर ४ को अध्यक्ष पदमा जनमतले उदयनारायण पण्डितको उम्मेदवारी परेको छ । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट वडा नम्बर १मा शतिष कुमार चौधरी थारु र वडा नम्बर ४ मा राजकुमार यादवले मनोनयन दर्ता गराएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । वडा नम्बर १ मा स्वतन्त्र उम्मेदवारी दर्ता गराउनेमा सुनिल साह र सिया कान्त चौधरी छन भने वडा नम्बर ४ मा स्वतन्त्र उम्मेदवारी कसैले दर्ता नगराएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# कमला नदीमा बेपत्ता ३ बालकको शव भेटियो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहामा कमला नदीमा नुहाउने क्रममा फरक फरक ठाउँबाट बेपत्ता भएका ३ बालकको आइतबार शव भेटिएको छ । सिरहाको बसविट्टास्थित कमला नदीमा नुहाउने क्रममा शुक्रबार बेपत्ता भएका सिरहा नगरपालिका–१५ बुधौराका १४ वर्षीय अभिषेक यादवको शव आइतबार फेला पररेको छ । उनको शव हुलाकी सडक अन्तर्गत निर्माणाधीन कमला नदीको पुलदेखि करिब पाँच सय मिटर दक्षिणपट्टि फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए । बालकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा पठाइएको छ ।

उनको शव प्रहरीको गोताखोर टोलीले खोजी गरेर पत्ता लगाएको थियो । यस्तै शुक्रबार नै सिरहाको कर्जन्हा नगरपालिका–१ उत्तरवाहिनीस्थित कमला नदीमा नुहाउने क्रममा बेपता भएका सिरहाकै मिर्चैया नगरपालिका–५ का र १५ वर्षीय लक्ष्मण कुमार साहको शव पनि आइतबार फेला परेको छ । बन्दीपुरस्थित कमला नदीमै फेला परेको उनको शव पनि पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहा पठाइएको छ । लक्ष्मणसँगै नुहाउने क्रममा बेपत्ता भएका छिमेक बिन्देश्वर मण्डलका छोरा १६ वर्षीय रोशन मण्डलको शव शुक्रबार नै नदीमा फेला परेको थियो । कात्तिक शुक्ल पूर्णिमामा कमला नदीमा नुहाएमा भूत–प्रेत र घरको कुल देवताको प्रभावबाट छुटकारा पाइन्छ भन्ने मान्यता छ ।

# रूपनगरमा प्लाष्टिक प्रदूषण विरूद्ध विद्यार्थीको अभियान




**मधेशदृष्टि**
**सप्तरी ।**
रूपनगर क्याम्पस र विद्यार्थीहरूको समूह 'रूपनगर युथ स्क्वाड' ले प्लाष्टिक प्रदूषण विरूद्ध वृहत्त र्‍याली गरी फोहर प्लाष्टिक सङ्कलन गरेका छन् । वातावरण र स्वास्थ्यलाई हानी पुर्‍याउने जथाभावी फालिएका प्लाष्टिक फोहर नियन्त्रण गर्ने अभियान अन्तर्गत् शनिबार बिहान रूपनगर चोक क्षेत्रबाट प्लाष्टिक फोहर सङ्कलन गरिएको हो । रूपनगर नन्दराज संग्रौला क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको अगुवाइमा सञ्चालन गरिएको प्लाष्टिक प्रदूषण विरूद्धको अभियानमा क्याम्पस सञ्चालक समितिका सदस्य तथा समाजसेवी सुरज पोखरेल, कञ्चनरूप नगरपालिका वडा नम्बर १२ का सदस्य जैनुद्दिन मिया, नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रीय सदस्य कमरूद्दिन अली, आरडी मेमोरियल एकेडेमीका प्रिन्सिपल प्रकाश दास, क्याम्पसका शिक्षकद्वय पेशल जोशी र श्रवण चौधरी, रूपनगर क्याम्पस र आरडी एकेडेमीका विद्यार्थी, जनप्रतिनिधि, समाजसेवी, राजनीतिज्ञ, पत्रकार तथा स्थानीयहरू समेतको उत्साहजनक सहभागिता रहेको थियो ।

रूपनगर क्याम्पसका केही जागरूक विद्यार्थीहरूको समूह 'रूपनगर युथ स्क्वाड' को व्यानरमा आयोजित सो अभियानमा सङ्कलित प्लाष्टिक फोहरबाट 'इको–ब्रिक' बनाइने जानकारी 'रूपनगर युथ स्क्वाड' का संयोजक आफताब अलीले दिए । संयोजक अलीका अनुसार 'प्लाष्टिक फोहरलाई प्लाष्टिककै बोतलमा भरेर, खाँदेर बनाइने 'इको–ब्रिक' बाट सार्वजनिक स्थलमा बस्ने मुढा, बेञ्च, कुर्शी आदि बनाउने कार्यक्रम हो यो ।' अलीले दिएको जानकारी अनुसार 'प्लाष्टिक प्रदूषण विरूद्ध जुटौं' भन्ने नारा रहेको यो अभियानका लागि पुरक एशिया नामक संस्थाले समेत सहयोग गरेको छ । प्लाष्टिक फोहर बटुलेर इको ब्रिक बनाइ सार्वजनिक विश्राम स्थल, फूलबारी सजावट जस्ता उपयोगी काममा प्रयोग गरिने यो अभियानले प्लाष्टिक प्रदूषण नियन्त्रण गर्न मद्दत पुग्ने विश्वास क्याम्पस प्रमुख प्राध्यापक गजुरेलको छ । स्वच्छ, स्वस्थ्य र हरियो भविष्यको यो अभियानमा सहभागी हुन र सहयोग गर्न चाहने वातावरण प्रेमीहरूले रूपनगर क्याम्पसमा सम्पर्क गर्न सकिने प्राध्यापक गजुरेलले बताए ।

# २४ जिल्लाका तीन हजार एक सय ९१ विद्यार्थीलाई विद्युतीय चुल्हो

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले दुर्गम र अतिदुर्गम क्षेत्रबाट काठमाडौँ आएर बसोबास गरिहेका तीन हजार एक सय ९१ विद्यार्थीलाई विद्युतीय चुल्हो वितरण गरेको छ । केन्द्रले नेपालका दुर्गम र अति दुर्गम क्षेत्रबाट काठमाडौँमा आई डेरा गरी बस्ने स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीलाई विद्युतीय चुल्हो वितरण गरेको हो । विद्युतीय चुल्हो वितरण कार्यक्रमको आज ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले शुभारम्भ गरे । कार्यक्रममा मन्त्री खड्काले यस अभियानले नवीकरणीय ऊर्जा प्रवद्र्धन र विस्तारमा सहयोग पुग्ने बताए । उनले विद्युतीय चुल्हो वितरणले दुरदराजबाट काठमाडौँमा अध्ययन गर्न आउने विद्यार्थीलाई सहुलियत प्रदान गर्नाका साथै खनिज इन्धनको प्रयोग न्यूनीकरण गरी विद्युत्को आन्तरिक खपत वृद्धि गर्नमा सघाउ पुग्ने उल्लेख गरे । 'खाना पकाउने स्वच्छ ऊर्जाको प्रयोगबाट वातावरण संरक्षणमा टेवा पुग्नाका साथै नेपाल सरकारको राष्ट्रिय लक्ष्य एवम् जलवायु परिवर्तन न्यूनीकरणका लागि गरिएको अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सघाउ पुग्नेछ', मन्त्री खड्काले भने । आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिन उनले केन्द्रलाई निर्देशन दिए । ऊर्जामन्त्री खड्काले नेपालले ऊर्जा क्षेत्रमा निरन्तर रुपमा महत्वपूर्ण फड्को मारिरहेको र हाल अन्तर्राष्ट्रिय बजारमा समेत विद्युत् निर्यात गर्न सफल भएको भन्दै आगामी १० वर्षभित्र २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको स्पष्ट पारे । मन्त्रालयका सचिव सुरेश आचार्यले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा केन्द्रले हासिल गरेका उपलब्धिको प्रशंसा गर्दै ऊर्जा सम्मिश्रण र ऊर्जा खपत वृद्धिका लागि विद्युतीय चुलोको महत्वपूर्ण योगदान रहने बताए । उनले यसअघि पनि विभिन्न चरणमा विद्यार्थीहरूका लागि विद्युतीय चुल्हो वितरण गरिएकामा खुसी व्यक्त गर्दै ऊर्जा खपत वृद्धिमा यस्ता अभियानले सघाउ पुग्ने बताए ।
रासस








**अलपत्र अवस्थामा नगवा पोखरी:** अलपत्र अवस्थामा रहेको वीरगंज महानगरपालिका वडा नम्बर १६, नगवामा अवस्थित नगवा पोखरी । तत्कालीन समयमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा पोखरीको मध्य भागमा मन्दिर बनाउनका लागि बजेट विनियोजन गरेपनि अहिलेसम्म यो पोखरीको निर्माण कार्य सम्पन्न भएको छैन । तस्बिरः हिमाल लम्साल÷रासस





**वडाध्यक्षमा मनोनयन दर्ता:** यही मङ्सिर १६ गते हुने उपनिर्वाचनका लागि सप्तरीको डाक्नेश्वरी नगरपालिका– ४ मा एमालेका तर्फबाट सञ्जयकुमार यादव वडाध्यक्ष पदको मनोनयन दर्ता गर्ने क्रममा पदयात्राका सहभागीहरु । तस्बिरः प्रवेशकुमार मिश्र/रासस

# नगवा पोखरीको सौन्दर्यीकरण अलपत्र, स्थानीय आक्रोशित



**मधेशदृष्टि**
**वीरगंज ।**

मुख्यमन्त्री कार्यालयको प्रत्यक्ष निगरानीमा शुरु गरिएको वीरगंजको पोखरी सौन्दर्यीकारणको परियोजना अलपत्र छ । आर्थिक वर्ष २०७५÷०७६ मा वीरगंजको नगवा पोखरी सौन्दर्यकरणका लागि ठेक्का सकार भएको थियो । ५ वर्षको ठेक्का अवधि सकिन लाग्दा समेत सन्तोषजनक काम नभएको भन्दै स्थानीय आक्रोशीत बनेका छन् ।

वीरगंज महानगरपालिका वडा नम्बर १६ मा रहेको नगवा पोखरीको सौन्दर्यीकरणको काम समयमा पुरा नहुदाँ सर्वसाधारण आक्रोशित बनेका हुन् । मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत गद्दीले ५ बर्ष अगाडि अर्थात २०७४ साल फागुन ३ को चुनाव जितेसँगै पोखरी सौन्दर्यीकरणको परियोजना शुरु गरेका थिए । १० करोड १ लाख ३० हजार ६ सया ९ रुपैयाँमा एम एस प्रेरा, रन्जन जेबी ललितपुरले ठेक्का सकार गरेको थियो ।

पूर्व मुख्यमन्त्रीले पोखरीको सौन्दर्यीकारण गर्दा नगवावासी भने खुसी भएका थिए । तर ५ वर्ष भईसक्दा पनि पोखरी निमार्णको कार्य भने ७० प्रतिशत मात्र भएको छ । जे जती बनाईएको संरचनापनि ध्वस्त भएको छ ।

छठ पर्वको बेला महानगरपालिकाले पोखरीको सरसफाई र भासिएिको ठाँउमा माटो पुर्ने काम मात्र भएको स्थानीयले बताए । ५ वर्ष देखि पोखरीको अवस्था यस्तै छ, सरसफाई मात्र हुन्छ, तर यस वर्ष पनि हामीलाई निरासा नै बनाइयो , पहिले छठ पुजा गर्दा राम्रो लाग्ने गरेको उनीहरुको भनाई छ ।

चारै तिरबाट खुला र सफा हुने गरेको पोखरी अहिले जिर्ण हुँदै गएको अर्का स्थानीय सुरेन साहले बताए । 'वीरगंज महानगरपालिका वडा नं १६ मा पर्ने ऐतिहासिक नगवा पोखरीको अवस्था किन यस्तो बनाईएको हो ? छठको समयमा खानेपानी मन्त्री प्रदिप यादवले यस पोखरीको अवलोकन गरेर गए ।

अहिले नेता वा मन्त्रीहरुले समेत आउने अवलोकन गर्ने, आश्वासन दिने अनि फर्किने मात्र गरेका छन्,' उनले भने । लथालिङ्ग अवस्थामा पुगेको पोखरीमा कुनै सरकारले ध्यान नदिएको कारण यस्तो भएको उनको आरोप छ ।

# यादव र राउतप्रति साहको कडा टिप्पणी

**मधेशदृष्टि**
**राजविराज ।**

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले मधेश केन्द्रीत दुई दलका अध्यक्षको आलोचना गरेका छन् । साहले जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवलाई 'डराएको मुसो' र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई 'छेपारो' को संज्ञा दिएका हुन् । आइतबार बिहान राजविराजमा आयोजित पत्रकार सम्मेलनमा सांसद साहले भने, 'अहिले जसपा नेपाल अध्यक्ष पानीमा भिजेर बसेको मुसा जस्तै अवस्थामा छन् । उनी सत्ता पक्ष कि प्रतिपक्ष अहिले चिन्नै गाह्रो भएको छ ।'





उनले रङ्ग फेर्ने छेपारोको संज्ञा जनमतका अध्यक्ष राउतलाई दिए । 'रबी लामिछाने पक्राउ पर्दा विरोध गर्ने सिके राउत सत्ता पक्षमा गएर हस्ताक्षर गरे' उनले भने । यद्यपि यो दुई पार्टीमा देश बनाउने, सङ्घीयताका लागि लड्ने राम्रा नेताहरू पनि रहेको उनले बताए । अध्यक्ष साहले आफ्नो पार्टीको मधेश प्रदेश समितिले भ्रष्टाचारविरुद्धको जनजागरण अभियान शुरु गरेको बताए । भ्रष्टाचार के हो ? यसलाई हटाउन जनताको भूमिका कस्तो हुनुपर्छ ? जस्ता विषयमा जनजागरण ल्याउन अभियान शुरु गरिएको उनले बताए । 'भ्रष्टाचार गर्नेलाई जनताको निगरानी छैन' उनले भने, 'भ्रष्टाचारविरुद्ध जबसम्म जनताका चेतना आउँदैन, तबसम्म यो नियन्त्रण हुँदैन ।' आफ्नो अभियानलाई रोक्न सरकार लागिपरेको आरोप उनले

लगाए । 'राजविराज आउने क्रममा शनिबार ठाउँठाउँमा रोकेर प्रहरीले अनावश्यक दुःख दिएका छन्' उनले भने, 'माथिल्लो आदेश भन्दै प्रहरीले यसरी दुःख दिएको पाएको बताए ।

# रौतहट कांग्रेसले छान्यो उपनिर्वाचनका लागि उम्मेदवार



**मधेशदृष्टि**
**रौतहट ।**

नेपाली कांग्रेसले उपनिर्वाचनका लागि रौतहटको तीनवटै वडाको अध्यक्ष पदको उम्मेदवारलाई टिकट वितरण गरेको छ । जिल्लाको गढीमाई नगरपालिका –८, राजपुर नगरपालिका –६ र इशनाथ नगरपालिका–७ गरी तीन ठाउँमा उपनिर्वाचन हुन लागेको छ । नेपाली कांग्रेसले यसअघि नै चयन गरेका यी तीनवटै वडाको अध्यक्ष पदका उम्मेदवारलाई आइतबार टिकट वितरण गरेको कांग्रेसका मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेश कुमार गुप्ताले जानकारी दिए ।

कांग्रेसबाट गढीमाई नगरपालिका–८ मा सुबोध कुमार यादव, राजपुर नगरपालिका–६ मा सदरे आलम र इशनाथ नगरपालिका–७ मा शेख अब्दुल खलिकले टिकट पाएको उनले बताए । उपनिर्वाचनमा तीनवटै वडामा कांग्रेसका ठूलो जनाधार रहेकोले मंसिर १६ गते हुने उपनिर्वाचनमा तीनवटै वडा कांग्रेसले नै जित्ने गुप्ताको दाबी छ । मङसिर २ गते उम्मेदवारको मनोनयन दर्ता हुने कार्यक्रम रहेकोले मनोनयन दर्ता कार्यक्रममा भारी संख्यामा नेता कार्यकर्तालाई सहभागी भएका थिए । आगामी मंसिर १६ गते आइतबार रिक्त पदहरूमा रौतहट सहित देशैभर स्थानीय तहको उपनिर्वाचन हुँदैछ ।

# ३७ जनाद्वारा रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ७ हरपुरमा आइतबार आयोजित रक्तदान कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन् । नगरपालिकाको समन्वयमा नासा युवा क्लब टिकुलीयाले आयोजना गरेको रक्तदान कार्यक्रममा एक महिलासहित ३७ जनाले रक्तदान गरेका हुन् । रक्तदान गर्नेहरुमा रिया कुमारी, कृष्ण महरा, राम अवधेश सहनी, भुनेश्वर प्रसाद यादव, निरन्जन साह तेली, राम आशिष सहनी, जसवन्त पञ्जियार, विशाल पञ्जियार, खेमराज महतो, आनन्द पञ्जियार लगायतका रहेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उप–शाखाका युवा संयोजक अभिलाष कुमार गुप्ताले जानकारी दिए । पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा उपमेयर पुजा चौधरी, नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति वीरेन्द्रराज कँडेल, दिनानाथ रौनियार, वडाध्यक्ष शंकर राजभर, नासा युवा क्लबका अध्यक्ष सोनालाल राय लगायतको उपस्थिती रहेको थियो ।

# सुक्खाबन्दरगाहबाट राजस्व सङ्कलन घट्यो





**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको सिर्सियास्थित सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको चार महिनामा १६ अर्ब ५५ करोड २६ लाख ९९ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले चार महिनाको अवधिमा कूल वार्षिक लक्ष्यको २७ दशमलव ५७ प्रतिशत राजस्व सङ्कलन गरेको हो । सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले विदेशी मुलुकबाट वस्तु तथा सामान आयात घट्दा राजस्व सङ्कलनमा कमी आएको बताए ।

चाडपर्वको समयमा धेरै बिदा भएकाले पनि पछिल्ला महिनामा विदेशबाट वस्तु तथा सामानको आयात घटेको भन्दै उनले राजस्व सङ्कलन पनि घटेको उल्लेख गरे । चालु आवको साउनमा तीन अर्ब ७५ करोड रुपैयाँ, भदौमा चार अर्ब ६४ करोड रुपैयाँ, असोजमा चार अर्ब ३६ करोड रुपैयाँ र कात्तिकमा तीन अर्ब ७९ करोड रुपैयाँ राजस्व सङ्कलन भएको भन्सार अधिकृत बरुवालले जानकारी दिए । कार्यालयले गत आवको चार महिनामा १६ अर्ब ७५ करोड ३१ लाख ५५ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा २० करोड चार लाख ५६ हजार रुपैयाँले राजस्व सङ्कलनमा कमी आएको छ । रासस



सम्पादकीय

# उपचुनावः खाली ठाउँ भर्ने माध्यम मात्र नबनोस्

देशमा यही मंसिर १६ गते पालिका उपचुनावका मनोनयन दर्ता गर्ने काम भएको छ । यो जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक÷एक र वडाध्यक्ष ३४ गरी ४४ रिक्त पदमा उप चुनाव हुन लागेको हो । उपचुनावले राजनीतिक वृतमा एक प्रकारको तरङ्ग ल्याएको छ । विभिन्न कारण रिक्त हुन पुगेको यो चुनावमा राजनीतिक दलले आफ्नो शक्ति परिक्षण गर्दैछन् । अहिले देशमा विशेषगरी दुई ध्रुवपट्टिका काङ्ग्रेस र एमाले गठबन्धनको सरकार छ । यही बेलामा हुन लागिरेको उपचुनावले यी शक्तिबीच उनीहरुलाई परिक्षण गराउँदैछ भने एक्ला एक्लै चुनाव लड्ने भनेर घोषणा गर्ने अरु दलहरुको पनि वास्तविक हैसियत के कस्तो छ भनेर यो उप चुनावले देखाइदिनेछ ।

कुनै कारणवश खाली भएका पदहरूमा निर्वाचनमार्फत पदपूर्ति गर्ने प्रक्रिया यो चुनाव हो । निर्वाचित व्यक्तिको निधन, राजीनामा, कानूनी समस्याका कारण, भ्रष्टाचार, अयोग्यता वा अन्य कानूनी कारणले पदच्युत भएको अवस्था वा अन्य कुनै व्यक्तिगत वा प्राविधिक कारणले पद रिक्त भएको खण्डमा उप निर्वाचन गर्नुपर्ने हुन्छ । यो चुनाव अहिले खाली ठाउँ भर्नका लागि मात्र हो भन्ने बुझ्नु हुँदैन । जनताको विश्वास जित्न र लोकतान्त्रिक अभ्यासलाई प्रभावकारी बनाउन जनप्रतिनिधी छान्ने एउटा अवसरका रुपमा पनि यो चुनाव रहेको छ । यो चुनाव सफल बनाउनका लागि राजनीतिक दल, उम्मेदवार, निर्वाचन आयोग र नागरिकको साझा जिम्मेवारी आवश्यक छ । यसबाट मात्रै स्वस्थ लोकतन्त्र मजबुत हुनसक्छ ।

यो उपचुनावलाई प्रभावकारी ढङ्गबाट सम्पन्न गर्नका लागि विभिन्न पक्षहरुमा ध्यान दिनुपर्छ । विशेषगरी चुनावमा आचारसंहिताको पूलनालाई प्राथमिकता दिनुपर्छ । आचारसंहिता भनेको केवल कागजी दस्तावेज होइन, यो निर्वाचनको निष्ठा र पारदर्शिताको विषय पनि हो । उम्मेदवार र राजनीतिक दलहरूले जनतालाई प्रभावित गर्न गैरकानुनी माध्यमको प्रयोग गर्नु, लोभलालच देखाउनु वा जातीय तथा क्षेत्रीय विभाजन खडा गर्नु जस्ता क्रियाकलाप नगर्ने प्रतिवद्धता व्यक्त गरी सोही बमोजिम आफूलाई प्रस्तुत गरेर देखाउनुपर्छ । निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्नेप्रति कडाइका साथ कारवाही गर्नसक्ने हिम्मत देखाउनुपर्छ । नागरिकले योग्य, इमान्दार र प्रतिबद्धता बजमोजिम भोलिका दिनमा काम गर्नसक्ने उम्मेद्वारलाई छान्नुसक्नुपर्छ । कस्तो उम्मेद्वारलाई चुनावमा जिताउने भन्ने कुरा नागरिकको हातमा छ ।

उपचुनावमा आफूलाई नयाँ शक्ति वा विकल्पका रुपमा प्रस्तुत गरिरहेका दलबाट भने खासै उपस्थिती जनाउन इच्छुक नभइरहेको पाइएको छ । स्थानीयस्तरका रिक्त पदहरू पूर्तिका लागि हुने भएकाले राष्ट्रिय स्तरमा ठूलो प्रभाव नपर्ने भएर वा गाउँठाउँमा आफ्नो शक्ति परिक्षण गर्दा लज्जास्पद हार हुने बुझेर जे कारणले भएपनि उनीहरुले आफूलाई पनि परिक्षण गरी हेर्नुपथ्र्यो ।

विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले आफूलाई लोकप्रिय छु भनी दाबी गरिरहँदा उपचुनावलाई भने कम आँकेको हुनसक्छ । हुन त पार्टी सभापति सहकारी ठगी काण्डमा अनुसन्धानका लागि थुनामा रहेकाले पनि यो बेला उसको प्रथामिकता सभापतिलाई रिहा गर्न माग गर्दै आन्दोलन गर्नु रहेको हुनसक्छ । तर जे होस् अहिलेको यो उपचुनाव अहिलेको राजनीतिक परिदृश्य नियाल्ने महत्वपूर्ण माध्यम वा अवसर हो । यसलाई सफल स्वतन्त्र, निष्पक्ष र पारदर्शी बनाउन सबै पक्षले आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गरौँ ।

# कोप–२९ र पहिलो हप्ताका उपलब्धि !



राजन थापा

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका महासन्धि पक्ष राष्ट्रहरुको २९ औँ सम्मेलन (कोप–२९) २०२४ नोभेम्बर ११ देखि अजरबैजानको बाकुमा चलिरहेको छ । पहिलो हप्ताको अन्तिम दिनसम्म आइपुग्दा यो सम्मेलनमा के के भए त भन्ने सबैमा चासोको बढेको छ। 'वित्तीय कोप' भनेर चिनिएको सम्मेलन कुन दिशातिर जान्छ त्यो भने अब हुने वार्ता तथा छलफलले बताउने नै छ। कोप २९ मा कोप २८ को नतिजामा आधारित रणनीति अघि बढेका छन् । यस सम्मेलनमा जलवायु वित्तीय लक्ष्य, कार्बन बजारका लागि धारा ६ अन्तर्गतका नियमहरू, हानि तथा नोक्सानीको प्रतिक्रिया कोष र अनुकूलन लक्ष्यमा प्रगतिको मापनका मापदण्डहरू निर्माण मुख्य विषयको रुपमा रहेका छन्। साथै, एनडिसी, राष्ट्रिय अनुकूलन योजना (न्याप) र द्विवार्षिक पारदर्शिता प्रतिवेदन (बिटिआर) समयमा प्रस्तुत गर्ने महत्वाकांक्षालाई प्रोत्साहन दिन यस सम्मेलनको छलफलहरु केन्द्रित रहेका छन्। केही वर्षयता जलवायु परिवर्तनको असर प्रत्यक्ष रुपमा देखा पर्न थालेको छ। यसको एउटा ज्वलन्त उदाहरण उष्णतामा अस्वभाविक वृद्धि भएको छ। सन् २०२४ मा लगातार दोस्रो पटक सबैभन्दा तातो वर्ष हुने अनुमान गरिएको छ। विश्वभरि चरम मौसमी घटनाहरूको तीव्रता बढिरहेको छ। नेपाल, स्पेन र सहारामा विनाशकारी बाढीदेखि ब्राजिलको अमेजन वर्षावनमा भयावह आगलागी र अत्यधिक तापक्रम र खडेरी, यी र यस्ता जलवायु परिवर्तन को प्रभाव ले थप चुनौती सिर्जना गरेको अवस्था छ। कोप २९ को आयोजना यसै जटिल परिस्थिति र ठूला घटनाहरूको बीच भएको छ। राजनीतिक दृष्टिबाट हेर्दा विश्वमा बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरुमध्ये एक अमेरिकामा चुनाव पनि पर्दछ। डोनाल्ड ट्रम्पको पुनःनिर्वाचनले पेरिस सम्झौताबाट फिर्ता हुने उनको योजनासहित अन्तर्राष्ट्रिय जलवायु वार्तामा ठूलो असर पार्न सक्ने कतिपयले अनुमान गरेका छन् । युएनएफसिसिसीबाट फिर्ता हुने सम्भावनाको चर्चा भए पनि, यो सजिलो हुने छैन।

**कोप–२९ बाट के आशा गर्न सकिन्छ ?**

कोप–२९ लाई वातावरण क्रियाशील विश्वका व्यक्तिहरु मात्र नभई आम सर्वसाधारणले पनि निकै चासोपूर्वक हेरिरहेका छन् । विगतका सम्मेलनहरुको तुलनामा यसपटक केही उपलब्धिमूलक नै हुने आशा उनीहरुले गरेका छन्। यसपटक जलवायु वित्त, राष्ट्रिय रूपमा निर्धारित योगदान बढाउने पहल, क्षति र नोक्सानीको वित्तीय सहयोग, अनुकूलनका लागि प्रगति, कार्बन बजारहरूको सुदृढीकरणलगायतका केही उपलब्धिहरुको आशा गरिएको छ।

**जलवायु वित्त**

जलवायु वित्त १९९२ देखि अन्तर्राष्ट्रिय जलवायु वार्ताको महत्ववपूर्ण मुद्दा रहँदै आएको छ। सन् २००९ मा भएको कोप १५ ले एक सय अर्ब अमेरिकी डलर वार्षिक प्रतिबद्धता तय गरेको थियो। तर, यो लक्ष्य सन् २०२० को समयसीमाभन्दा दुई वर्षपछि सन् २०२२ मा मात्र पूरा भएको थियो । तथापि यो विषयम अझै पनि एकमत भने भएको छैन। तसर्थ, विकासशील देशहरूको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राख्दै जलवायु वित्तको लागि वार्षिक सय अर्ब अमेरिकी डलरको न्यूनतम् आधारबाट नयाँ सामूहिक परिमाणित लक्ष्यमा सहमति जनाउने अपेक्षा यसपटकको कोपबाट गरिएको छ । पहिलो हप्ताको अन्तिम दिनसम्मको प्रगतिलाई हेर्दा केही सकारात्मक प्रयास भएको देख्न सकिन्छ । पहिलो हप्ताको उपलब्धिको रुपमा नयाँ सामूहिक परिमाणित लक्ष्यको मस्यौदा पाठ बाहिर आएको छ । तर, अझै १० पृष्ठको दस्तावेजमा पुग्नु चुनौतीपूर्ण छ। अति कम विकसित र विकासशील देशहरूले वार्षिक एक दशमलब तीन ट्रिलियन अमेरिकी डलरको जलवायु वित्त प्रतिवद्धताको माग गरिरहेका छन्, जुन जलवायु कार्य लक्ष्यहरू पूरा गर्न र जलवायु परिवर्तनका बढ्दो प्रभावहरू सामना गर्न आवश्यक रहेको छ। त्यस्तै उनीहरूले वित्तीय लक्ष्यलाई अनुदानको आधारमा उपलब्ध गराउनुपर्ने माग राखेका छन् । यसमा नेपालको पनि साझा धारणा रहेको छ।

**महत्वाकाङ्क्षी राष्ट्रिय रूपमा निर्धारित योगदान बढाउने पहल**

कोप–२९ चलिरहेको छलफलमा सबै राष्ट्रहरुलाई २०२५ सम्म महत्वाकाङ्क्षी राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडिसी) प्रस्तुत गर्न प्रोत्साहन गरिरहेको छ । प्रायः सबैजसो छलफलहरुले सबै देशहरूलाई २०२५ सम्म थप महत्वाकांक्षी एनडिसी प्रस्तुत गर्न प्रेरित गरिरहेको छ। सन् २०३० र २०३५ को नयाँ लक्ष्यसहित प्रस्तुत हुने एनडिसीले विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्रीमा सीमित गर्न सक्छ भन्ने विवरण यसअघिको कोपमा पनि प्रस्तुत भइसकेको छ।

**क्षति र नोक्सानीको वित्तीय सहयोग**

यसपटक भइरहेको कोपले क्षति र नोक्सानीको कोष (एफआरएलडी) को कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ। यो कोष सन् २०२५ सम्म आफ्नो पहिलो वित्तीय वितरण गर्ने योजनामा छ । तर, विकसित देशहरूले क्षति र नोक्सानीको वित्तीय सहयोगलाई नयाँ सामूहिक परिमाणित लक्ष्यमा समेट्न अनिच्छा देखाएका छन्। क्षति र हानि) का लागि कोष सञ्चालन गर्नु २०२३ मा दुबईमा सम्पन्न कोप २८ को सबैभन्दा ठूलो उपलब्धिमध्ये एक मानिएको थियो। यस हप्ता कोप २९ मा स्वीडेनले कोषका लागि थप १९ मिलियन अमेरिकी डलर प्रदान गर्ने प्रतिवद्धता जनाएको छ, जसले कोषमा प्रतिवद्ध कुल रकम ७२० मिलियन अमेरिकी डलरभन्दा बढी पुऱ्याएको छ। यस हप्ता कोषको बोर्ड र विश्व बैंकबीच ट्रस्टी सम्झौता र सचिवालय आतिथ्य सम्झौता साथै बोर्ड र आतिथ्य प्रदान गर्ने देश फिलिपिन्सबीच आतिथ्य देश सम्झौता समेत सम्पन्न भएको छ।

**अनुकूलनका लागि प्रगति**

ग्लोबल गोल अन एडाप्टेसन (जिजिए) सम्बन्धी छलफलहरू पेरिस सम्झौताका लक्ष्यहरू पूरा गर्नका लागि महत्वपूर्ण छन्। विशेषगरी जोखिमपूर्ण समुदायको लागि सहनशीलता निर्माण गर्ने र जोखिमको अवस्थाहरू घटाउने सन्दर्भमा पक्ष राष्ट्रहरूले जिजिए मापन गर्न स्पष्ट मापदण्डहरू र सूचकहरू निर्धारण गर्ने विषयमा छलफल गरिरहेका छन्। विशेष गरी वित्तीय स्रोतहरू निर्धारण गर्ने सूचकहरू समावेश गर्ने विषयमा निर्णय हुने आशा रहेको छ । साथै, यसै विषयमा समाबेश हिमालको मुद्दामा नेपालले अन्य हिमाली देशहरुसँग मिलेर आफ्नो प्रष्ट धारणा राखिरहेको छ।

**कार्बन बजारहरूको सुदृढीकरण**

जसरी कोप–२९ वार्ता बाकुमा जारी छ, पेरिस सम्झौताको धारा ६ अन्तर्गत उल्लेखनीय प्रगति भएको छ। यसले कार्बन बजारहरूमा अन्तर्राष्ट्रिय सहकार्यका संयन्त्रहरूको व्यवस्था गर्दछ । धारा ६.४ अन्तर्गत विश्वको कार्बन बजारलाई सञ्चालनमा ल्याउने खाकाको स्वीकृति प्रमुख उपलब्धि भएको छ । यो संयन्त्रले पारदर्शिता बढाउने र कार्बन क्रेडिटहरूले वास्तवमा विश्वव्यापी उत्सर्जन कटौतीमा योगदान पुऱ्याएको सुनिश्चित गर्ने उद्देश्य राख्छ। यस निर्णयले क्योटो अभिसन्धिको पुरानो स्वच्छ विकास संयन्त्रलाई प्रतिस्थापन गर्दै उत्सर्जन कटौतीको लागि संयुक्त राष्ट्रसङ्घको निगरानीमा बलियो व्यापार प्रणालीको आधार तयार गर्छ । तथापि, यसभित्रका केही अन्य थुप्रै विषयहरुमा छलफलहरु निस्कर्षमा पुग्न अझै बाँकी छ ।

**पारदर्शिता**

द्विवार्षिक पारदर्शिता प्रतिवेदन (बिटिआर) ले देशहरूबीच विश्वास निर्माण गर्ने र तिनीहरूको आवश्यकताहरूको पहिचान गर्न सघाउने भएकाले यस्ता प्रतिवेदनलाई कसरी गुणस्तरीय बनाउन सकिन्छ भनेर छलफल अगाडि बढेको छ । त्यस्तै यही कुरालाई सम्बोधन गर्न अजरबैजानले पारदर्शिता प्रवद्र्धधन गर्न नयाँ डिजिटल प्लेटफर्म सुरू गरेको छ। कोप २९ का मुख्य विषयवस्तुहरूमा जलवायु वित्त, महत्वाकांक्षा, न्यायसङ्गत सङ्क्रमण, अनुकूलन र क्षति तथा नोक्सानी, तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सिएससम्म सीमित गर्नका लागि महत्वपूर्ण छन् । यसै लक्षमा सफलता प्राप्तिको लागि गएको कोपको अध्यक्ष, यस कोपका अध्यक्ष र आगामी वर्ष ब्राजिलमा हुने कोपका भावी अध्यक्षको सदस्यतामा गठित ट्रोइकाको मिसन १.५ डिग्री सेल्सिएसको रोडम्याप' ले सामूहिक महत्वाकांक्षालाई जोड दिएको छ। रासस

# कन्जुस बन्ने कि मितव्ययी ?



सुवासचन्द्र भण्डारी

मितव्ययिता र कन्जुस्याइँमा धेरै फरक छ तर नेपाली समाजमा मितव्ययी मानिसलाई प्रायः कन्जुसको उपमा जोड्ने गरिन्छ। थाहा छैन, अन्य समाजमा पनि यस्तो हुन्छ या हुँदैन । गुणस्तर र परिमाणमा सम्झौता नगरीकन विवेकपूर्ण र कमभन्दा कम खर्चमा जीवनयापन गर्नु मितव्ययिता हो । पर्याप्त स्रोतसाधन उपलब्ध हुँदाहुँदै पनि खर्च कम गर्ने नाममा आधारभूत र अत्यावश्यक सामान र सेवामा समेत खर्च नगर्नु, परिमाण र गुणस्तरमा सम्झौता गर्नुचाहिँ कन्जुस्याइँ हो।

यद्यपि, मितव्ययिता र कन्जुस्याइँको परिभाषा आफैँमा 'ट्रिकी' पनि हुन जान्छ। कति कमाइ या सञ्चितिलाई पर्याप्त स्रोतसाधन भन्ने र कुन विन्दुचाहिँ साँच्चै गुणस्तर हो भनेर बुझ्ने भन्ने कुरा चुनौतीपूर्ण हुन जान्छ । 'मौकामा हीरा फोर्नु, बेमौकामा कौडी नतोड्नु', अलि पुरानै उखान हो यो। आवश्यकता पर्दा हीरा पनि फोड्नु (धेरै खर्च गर्नु) तर कुनै कारण नपर्दा कौडी (सानो दरको पैसा) पनि जोगाएर राख्नु भन्ने यो उखानको मर्म हो।

केही दशक अघिसम्म, विशेषगरी पहाडी ग्रामीण क्षेत्रमा मितव्ययिताको अभ्यास लेखकले देखेको हो। अनावश्यक विलासिता त्यहाँ वर्जित थियो। आर्थिक अवस्थामा परिवर्तन र समाजका विभिन्न पाटोमा आएका नवीनतम बदलावले अब मितव्ययिता र खर्चको परिभाषामा धेरै भिन्नता ल्याएका छन्।

स्रोतसाधनको उपलब्धताका कारण एउटै खाले व्यवहार पनि कसैको निम्ति मितव्ययिता हुन्छ भने कसैको निम्ति कन्जुस्याइँ भइदिन्छ। तर पछिल्लो पुस्ताले यी दुवै शब्दलाई एउटै शब्दको रूपमा बुझ्न थालेकोझैँ बुझिन्छ । त्यसले राम्रो संकेत गर्दैन, किनकि जलवायुलगायत अनेकन् कारण मान्छे झनै मितव्ययी बन्न र कम सामानको उपभोग गर्नु आवश्यक छ । आकाश, धर्ती र पानीमा भएको प्रदूषण र विषाक्तताले हामीसँग त्यो माग गरिसकेको छ। तर अहिलेसम्म पनि थोरै मात्र मान्छेले यो कुरा बुझेका छन्।

नेपाली समाजमा देखिने धेरै खर्च, जसको कुनै औचित्य छैन, केवल सामाजिक प्रतिष्ठा र देखासिकीका कारण बढेका छन्। यसको प्रमुख कारण सामाजिक सञ्जाल, विज्ञापन र फिल्म आदिको प्रभाव हो । यी माध्यमबाट परेको देखावटी जीवनशैलीको प्रभावले मानिसलाई अनावश्यक र महँगो वस्तु तथा सेवा आदिमा आफ्नो रकम खर्च गर्न उक्साउँछ । परिणामस्वरूप, मितव्ययिता बिस्तारै पुरानो अवधारणाझैँ बनिरहेको छ।

बितेका केही दशकयता रोजगारीको अवसर सिर्जना नहुँदा र परम्परागत कृषि कर्मबाट जीवन सहज तरिकाले धान्न नसक्दा÷राम्रो कमाइ गर्न नसक्दा लाखौँ युवा गाउँ छोडेर शहर तथा परदेशतिर हानिएका छन्। परम्परागत कृषि कर्म तथा ज्याला मजदुरीबाट भन्दा केही बढी आय–आर्जन गर्दै आएका उनीहरू मात्र नभएर तिनी आश्रित परिवारका सदस्यमा पनि पर्याप्त वित्तीय साक्षरता छैन।

वित्तीय साक्षरताले कसरी जिम्मेवारीपूर्ण ढंगले खर्च गर्ने भन्नेबारे हामीलाई सिकाउँछ। त्यसकै अभावका कारण फजुल खर्चमा तिनको लगाव बढ्दो छ । प्रियजनको परदेशको दुःखलाई आत्मसात् गर्न नसक्दा यताका आश्रित परिवार झिलिमिलीपूर्ण तडकभडकलाई बढवा दिँदै छन्। पसिनाको कमाइले दीर्घकालीन पुँजी निर्माणमा भने खासै प्रभाव पार्न सकेको छैन।

कृषिमा आश्रित जनशक्ति कम हुँदै जाँदा दैनिक उपभोग्य–खाद्यान्नलगायत अत्यावश्यकीय वस्तुसमेत आयात गरिरहेका छौँ हामी। वैदेशिक रोजगारीको बढ्दो प्रभाव,शहरकेन्द्रित बसाइँ तथा उत्पादनसँग टाढिँदै गएको नेपाली समाजको सम्बन्धले गर्दा चाडपर्व मनाउने क्रममा मात्रै होइन,दैनिक जीवनयापन पनि दिनानुदिन महँगिँदै छ । खाद्यान्न लत्ताकपडाजस्ता आधारभूत आवश्यकताभन्दा पनि देखासिकी प्रभावले अन्य शीर्षकको खर्च बढ्न थालेका हुन्।

आम्दानीको सीमित स्रोत र खर्चको असीमित शीर्षकले गर्दा देश बाहिरबाट भित्रिएको विप्रेषण रकमको ठूलो हिस्सा वस्तु आयातमा बाहिरिने गरेको छ । यसरी हेर्दा वैदेशिक रोजगार र विप्रेषणले दीर्घकालीन पुँजी निर्माणमा सहयोग पुऱ्याउन नभई केवल जीवनयापनको निम्ति मात्रै उपयोग भइरहेको देखिन्छ।

बृहत् अर्थशास्त्रले एउटाको खर्च अर्कोको आम्दानी हो भनेर व्याख्या गर्छ। तर हाम्रोजस्तो आयातमुखी बजार अर्थतन्त्र भएको मुलुकका लागि भने हाम्रो खर्च हाम्रै आम्दानी हुन सक्दैन। हामीले खर्च गर्ने रकम सिधै र घुमाउरो तरिकाले अन्तर्राष्ट्रिय बजारमा पुग्ने हुनाले हाम्रो खर्चालु जीवनशैलीले हामी नेपालीको आन्तरिक अर्थतन्त्रलाई सबल बनाउन खास सहयोग गर्दैन।

सामाजिक सञ्जालको बढ्दो प्रभावले गर्दा आम मानिसमा एक अर्कालाई देखाउने गरी जीवनशैली अपनाउने संस्कृति मौलाउँदै गएको छ। आफ्नो खास र आधारभूत आवश्यकता, जिम्मेवारी, भविष्यको योजना र दीर्घकालीन आम्दानीको स्रोत के हो भन्ने बुझ्न सक्दा मान्छेले अहिलेझैँ मनपरी खर्च नगर्दो हो।

आम्दानी र खर्चको अनुपात र सन्तुलनमा कुनै वास्ता नगरी अन्धाधुन्ध खर्च गर्ने प्रवृत्ति खराब संस्कृतिका रूपमा विकास हुँदैछ । आम्दानी र खर्चको अनुपातको सन्तुलन कायम राख्न नसक्दा धेरैको जीवनमा उतारचढाव आएको देखिन्छ। अल्पकालीन आम्दानी भएका बखत थैली खोलेर खर्च गर्नेहरूको जीवन आम्दानी बन्द भएको अवस्थामा के हुन्छ ? समाजका कतिपय उदाहरण हेर्दा देखिन्छ– उनीहरू ऋणै गरेरै भए पनि पुरानै फुर्तिफार्तीको जीवन निरन्तर चलाउन खोज्छन् र बिस्तारै त्यसकै पासोमा पिसिइन थाल्छन्।

सन्तुलित पोषणयुक्त खाना, सफा पानी, न्यानो ओछ्यान,न्यानो कपडालाई व्यक्तिको न्यूनतम भौतिक आवश्यकता मान्न सकिन्छ। तर बजार, विज्ञापन र देखासिकीको चपेटामा परेर मान्छेहरूले धेरै अनावश्यक वस्तुलाई पनि अत्यावश्यक ठहऱ्याएका छन्। बजारले आफ्ना सामान बेच्नलाई अनेक उपाय गरिरहेकै छ।

नेपालमा उत्पादन नहुने र विदेशबाट आयात गरिएका कस्मेटिकलगायत शृङ्गार सामग्री खरिदमा समेत आम नेपाली महिलाको ठूलो रकम खर्च हुन थालेको छ। जबकि 'ह्वाइटनर' (फेयरनेस) क्रिम, लिपस्टिकदेखि पोलिसजस्ता सामग्री लगाउनुभन्दा नलगाउँदै स्वास्थ्य बढी सुरक्षित भएको विज्ञहरूले बेलाबेला भन्ने गरेका छन्। तर अनेकन् मोडलमार्फत विभिन्न भाष्य स्थापित गर्ने बजारले लक्षित समूहलाई प्रभाव पारिरहेकै छ । आरोग्यमय जीवनमा खर्च गर्न सकिने पैसा सौन्दर्य प्रसाधनमा खर्च गर्दा फेरि पनि पैसा बिदेसिएको छ । हुर्कँदो नवपुस्ता उसैगरी ग्याजेट र घडीलगायत सामग्रीमा चर्चित र लक्जरी ब्रान्डतिर आशक्त छ। मुखमा माडमा छैन,कुन्निकेमा घिउ भन्ने उखान त्यहाँ लागू भइरहेको छ। यसले पनि देशको पैसा बिदेसिएकै छ।

कतिसम्म भने चाडबाडपिच्छे फरक लुगा, बिहे व्रतबन्धपिच्छे नयाँ सुट र सारी लगाउने अभ्यास बढ्दो छ । एउटा भोजभतेरमा लगाएको लुगा अर्कोमा लगाउन नहुने विचित्रको मनोविज्ञान स्थापित हुँदैछ। यसले फेरि पनि हाम्रो पैसा विदेश नै पठाइरहेको छ।

हुन त कसैलाई पनि तिमीले गरेको खर्च फजुल र अनावश्यक हो, यसो गर, उसो नगर भनेर व्यक्तिगत रूपमा प्रश्न उठाउने अधिकार दोस्रो व्यक्तिलाई हुँदैन। कमाउने र खर्च गर्ने अधिकार सबैलाई छ। तर जिम्मेवारीपूर्ण खरिद जिम्मेवार परिवार र परिवारका सदस्यको हो । जिम्मेवार नागरिकले आफ्नो समाज र देशको आर्थिक अवस्था हेरेर पनि त्यहीअनुसार खर्च गर्नुपर्छ। एक जनाले गरेको खर्चको बहुआयामिक असर पर्ने हुँदा फजुल खर्च गर्नुहुन्न।

व्यक्तिगत तवरमा मात्रै नभएर सामाजिक र राष्ट्रिय स्तरमै फजुल खर्च व्यापक छ । सरकारी कार्यालयहरूले समेत गर्ने खर्चिला भ्रमण, महँगा सवारीसाधन खरिद र महँगै यात्रा, भोजभतेर, अनावश्यक सजावट, तोरण, खादामाला, तथाकथित 'मायाको चिनो' र तक्माहरू त्यसका उदाहरण हुन् । नागरिकको करको पैसाको यो दुरुपयोग हो। भ्रष्टाचार हो।

त्यसो हुँदा व्यक्ति र समाजदेखि हाम्रा विभिन्न तहका सरकारले मितव्ययिताको अभ्यास गर्न जरुरी छ । त्यसो गर्न सक्दा दीर्घकालीन पुँजी निर्माण र आन्तरिक अर्थतन्त्रको मजबुतीका लागि बलियो आधारशिला तय हुनसक्छ।

यसका लागि वित्तीय साक्षरता र सामाजिक दृष्टिकोणमा परिवर्तन आवश्यक छ। समाजको दृष्टिकोणमा सुधार र जीवनशैलीका विकल्पहरूको चयन गर्दा, मितव्ययिता र विवेकपूर्ण खर्चका आदर्शहरूलाई पुनः स्थापित गर्नुपर्छ । फजुल खर्च घटाउँदा राष्ट्रको समग्र अर्थतन्त्रका लागि लाभकारी हुनेछ।

सोच र बुझाइलाई परिवर्तन गर्न सक्ने तथा समाजका प्रभाव पार्ने व्यक्तित्वबाट सरल तथा मितव्ययी जीवन शैलीको अनुसरण हुने हो भने नेपालीहरूको अनावश्यक खर्चमा खेर गइरहेको रकमको ठूलो हिस्सा बचतमा परिणत हुनेछ र जसले दीर्घकालीन पुँजी निर्माणमा टेवा पुऱ्याउने छ।

समाजमा प्रभाव रहेका राजनीतिक कार्यकर्ता–अगुवा, कलाकार, शिक्षक कर्मचारी जोसुकैले मितव्ययिताको उदाहरण आफू बने तिनबाट धेरैले सिक्न सक्थे। सादा जीवन र उच्च विचारको आदर्श फैलाउन सहज होला। त्यससँगै स्कुलहरूले पनि आफ्ना विद्यार्थीलाई वित्तीय साक्षरता दिनु आवश्यक छ। सानैबाट व्यक्तिलाई मितव्ययी जीवन जिउन सिकाउँदा तिनले आफूले पाएको शिक्षा सबैतिर फैलाउन प्रयत्न गर्नेछन् । उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# गृहमन्त्री लेखकसित एसएसबी महानिर्देशकको भेटवार्ता



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकसँग भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) का महानिर्देशक अमृतमोहन प्रसादसहितको उच्चस्तरीय टोलीले भेटवार्ता गरेको छ ।

सिंहदरबारस्थित गृहमन्त्रालयमा भएको भेटवार्तामा सशस्त्र प्रहरी बल नेपाल र भारतीय सीमा सुरक्षा बल (एसएसबी)का बीच दुई देशको सीमा सुरक्षाका क्षेत्रमा सौहार्दपूर्ण वातावरणमा भइरहेको कामका विषयमा छलफल भएको थियो ।

भेटवार्ताका क्रममा गृहमन्त्री लेखकले सीमा क्षेत्रमा हुने लागुऔषधको अवैध कारोबार र ओसारपसार तथा मानव बेचबिखन नियन्त्रणका साथै आपराधिक गतिविधि नियन्त्रणमा सहयोग र सहकार्य गर्न जोड दिए ।

गृहमन्त्री लेखकले जनताले कष्ट नपाउनेगरी सौहार्दपूर्ण वातावरणमा शान्तिसुरक्षा र अपराध नियन्त्रणतर्फ दुवैतर्फmको ध्यान जानुपर्नेमा जोड दिँदै गृहमन्त्री लेखकले नेपाल–भारत सीमा नाकामा ओहोरदोहोर गर्ने नागरिकहरुलाई मर्यादित व्यवहार गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिए । 'नेपाल–भारतबीच सदियौँ पुरानो सम्बन्ध रहिआएको छ', गृहमन्त्री लेखकले भने,'सीमासुरक्षा बलका काम कारबाहीले दुई देशबीचको सम्बन्ध थप बलियो हुनेमा विश्वस्त छु, सहयोग र सहकार्य गरी सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणसहित सीमा आवतजावतका क्रममा सम्मानजनक व्यवहार गरी दुवै देशका जनताको विश्वास जितौँ ।'

भेटवार्ताका अवसरमा गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षक राजु अर्याल र भारतीय एसएसबीका महानिर्देशक अमृत मोहनप्रसादससहित उच्च अधिकारीको सहभागिता थियो ।सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा बलबीच हरेक वर्ष हुने समन्वय बैठकमा भाग लिन महानिर्देशक प्रसादको नेतृत्वमा एसएसबीको उच्चस्तरीय टोली काठमाडौँ आएको हो ।रासस

# राष्ट्रपतिसमक्ष नवनियुक्त राजदूतको शपथ



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष विभिन्न चार देशका लागि नवनियुक्त राजदूतले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

राष्ट्रपति कार्यालयमा आइतबार आयोजित समारोहमा रीता धिताल (इस्लामिक गणतन्त्र पाकिस्तान), रमेशचन्द्र पौडल (कतार), प्रा धनप्रसाद पण्डित (इजरायल) र प्राडा कृष्णप्रसाद ओली (जनवादी गणतन्त्र चीन)का लागि नवनियुक्त राजदूतले शपथ ग्रहण गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । नेपाल सरकारका उच्चपदस्थ अधिकारीको समेत उपस्थिति थियो ।

यसैबीच राष्ट्रपति पौडेलले विभिन्न छ देशका लागि राजदूत नियुक्त गरेका छन् । नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्को सिफारिसमा डा.शैल रुपाखेतीलाई जर्मनी, जङ्गबहादुर चौहान रुसी महासङ्घ, चन्द्रकुमार घिमिरेलाई संयुक्त अधिराज्य, डा नरेशविक्रम ढकाललाई साउदी अरेबियाका लागि राजदूत नियुक्त गरेका छन् । थाइल्याण्डका लागि आवासीय राजदूत धनबहादुर ओलीलाई क्याम्बोडिया र गणतन्त्र सिङ्गापुरका लागि गैरआवासीय नेपाली राजदूत नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ ।

# श्रीलङ्कामा एनपिपी पार्टीले जितेकामा एमालेको बधाई

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले श्रीलङ्कामा हालै सम्पन्न संसदीय निर्वाचनमा नेशनल पिपुल्स पावर (एनपिपी) पार्टीले दुई तिहाइ बहुमत हासिल गरेकामा बधाइ ज्ञापन गरेको छ । एमालेका महासचिव शङ्कर पोखरेलले आइतबार विज्ञप्ति जारी गर्दै संसदीय निर्वाचनमा एनपिपी पार्टीको विजयले श्रीलङ्कामा राजनीतिक स्थायित्व,आर्थिक सुधार, सामाजिक न्याय तथा आत्मनिर्भरता अभिवृद्धि हुने विश्वास व्यक्त गरेका छन् ।

बिहीबार (यही १४ नोभेम्बर)मा भएको निर्वाचनमा एनपिपी पार्टीले दुई सय २५ स्थानमध्ये एक सय ५९ स्थानमा जीत हासिल गरेको थियो । उनले जनताले रोजेको यस विकल्पलाई सही रुपमा सफल पारेर श्रीलङ्काले विश्वमै नमुना प्रस्तुत गर्न सकोस् भन्ने शुभकामना दिएका छन् ।

राजनीतिमा हावी परिवारवाद र चरम आर्थिक सङ्कटविरुद्ध दुई वर्षअघि श्रीलङ्काली जनताले गरेको आन्दोलनका कारण सत्ता परिवर्तन भई करिब दुई महिनाअघि (२१ सेप्टेम्बर, २०२४) मा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा एनपिपीका नेता अनुराकुमार देशनायकेको विजय भएको थियो ।

'हालै कम्युनिष्ट पार्टीले जनताको लोकप्रिय अभिमत र विश्वास हासिल गरेर राजनीतिक, सामाजिक एवं आर्थिक परिवर्तनको नेतृत्व गर्न खरो उत्रिनुपर्दछ भन्ने जननेता मदनभण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादको मान्यतामा दृढ विश्वास राख्दै त्यसलाई कार्यान्वयन गरिरहेको हाम्रो पार्टी श्रीलङ्कामा हालै भएको निर्वाचन नतिजाप्रति खुसी प्रकट गर्दछ', विज्ञप्तिमा भनिएको छ ।रासस

# उपचुनावका लागि कहाँ कसको उम्मेदवारी ?

**काठमाडौँ ।**
यही मंशिर १६ गते केही पालिकाको उप चुनाप हुँदैछ । यसका लागि आइतबार उम्मेदवारी दर्ता गर्ने काम भएको छ । विभिन्न कारणले रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक÷एक र वडाध्यक्ष ३४ गरी ४४ रिक्त पदमा चुनाव हुन लागेको हो ।

उपचुनावका लागि काठमाण्डौको कीर्तिपुर नगरपालिकामा पनि उम्मेदवारी दर्ता भएको छ । कीर्तिपुरमा मेयर पदका लागि नेकपा एमालेका डा. सुरेन्द्र मानन्धर, नेपाली कांग्रेसका कृष्णमान डंगोल, नेकपा माओवादी केन्द्रबाट प्रा. डा. शिवशरण महर्जन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का ध्रुव महर्जनले उम्मेदवारी दिएका हुन् । कीर्तिपुरमा सरसफाइ अभियन्ताका रूपमा चिनिएका राजमान महर्जनले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले कीर्तिपुर नगरपालिकाको मेयर र वडाध्यक्षमा यौनिक अल्पसङ्ख्यकलाई उम्मेदवार बनाएको छ । जसपा नेपालको तर्फबाट मेयरमा दीपक महर्जन र वडा नम्बर ४ को अध्यक्षमा राजिव महर्जनले उम्मेदवारी दिनुभएको छ ।

यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्पवा) ले कीर्तिपुरको मेयर र वडाध्यक्ष दुवैमा उम्मेदवारी दिएको छैन । उम्मेदवारी नदिनुको कारण भने रास्पपाले खुलाएको छैन ।

रुकुम पूर्वमा सत्तारूढ नेकपा एमाले र नेपाली कांग्रेसले गठबन्धन गरेका छन् । पुथा उत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्ष र वडा नम्बर २ को अध्यक्षमा एमाले र कांग्रेसले गठबन्धन गरेको बताइएको छ । अब कांग्रेसको चुनाव चिह्न रुखबाट एमालेकी केशकुमारी तुलाचनले उम्मेदवारी दिएका छन् ।

वडा नम्बर २ मा भने सूर्य चिह्नबाट कांग्रेसका जीवन रोका वडाध्यक्षको उम्मेदवार बनेका छन् । पुथा उत्तरगङ्गाको उपाध्यक्षमा माओवादीले नरपुरा बुढालाई उम्मेदवार बनाएको छ । नेकपा (एकीकृत समाजवादी) ले सुनिता बुढालाई उम्मेदवार बनाएको छ ।

उता, दोलखाको गौरीशङ्कर गाउँपालिकाको उपाध्यक्षमा कांग्रेसका तर्फबाट पासदिकी तामाङ, एमालेकी उमा शेर्पा, माओवादी केन्द्रबाट निमलेकी शेर्पा, एकीकृत समाजवादीको तर्फबाट रबिना खड्का र रास्वपाको तर्फबाट गोमा श्रेष्ठको उम्मेदवारी परेको छ ।

मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्ष पदका लागि नेकपा एमालेका तुलसीराम विश्वास, कांग्रेसका बलराम सरदार, माओवादीका नमोनारायण माझी, रास्वपाका तर्फबाट नवीनकुमार विश्वास र राप्रपाका दिनेशकुमार थान्दारले उम्मेदवारी दिएको पाइएको छ ।

हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पदका लागि दुई जना स्वतन्त्रसहित सात जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेसबाट सविता ऐडी, नेकपा एमालेबाट जाना शाही, नेकपा माओवादी केन्द्रसहित समाजवादी मोर्चाबाट देवकी तिमल्सिना, राप्रपाबाट संगीता शाही र रास्वपाबाट बाँचा शाहीको उम्मेदवारी परेको छ । यस्तै स्वतन्त्रतर्फ नरेश साही र रामशरा खड्का शाहीको उम्मेदवारी परेको छ ।

दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष पदमा नेपाली कांग्रेसका झलकबहादुर भण्डारी, नेकपा एमालेका जङ्गबहादुर शाही, नेकपा माओवादी केन्द्रका जङ्गबहादुर बराल, रास्वपाका प्रकाशकुमार बुढा, एकीकृत समाजवादीका जगतबहादुर हमाल, राप्रपाका सूर्जे रावल र नेपाल मजदूर किसान पार्टी (नेमकिपा) का दुर्गबहादुर मगरको उम्मेदवारी दर्ता भएको छ ।

बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्षका लागि पाँच जनाले उम्मेदवारी दर्ता गराएका छन् । नेपाली कांग्रेसबाट पूलतीसरा शाही, नेकपा एमालेबाट सुलोचना भण्डारी बुढा, नेकपा माओवादी केन्द्रबाट राजुकुमारी विक, नेकपा एकीकृत समाजवादीबाट जवा शाही र राप्रपाबाट सुनादेवी थापा भोटे धामीको उम्मेदवारी दर्ता भएको छ ।

जाजरकोटको नलगाड नगरपालिकाको उपमेयर पदमा नेपाली कांग्रेसबाट इन्द्राचन्द सिंह, नेकपा एमालेबाट सुनिता बोहरा र माओवादीबाट देवका लामिछानेको उम्मेद्वारी परेको छ ।

सोमबार उम्मेदवारको विरोधमा उजुरी दिने र उम्मेदवारको नामावली प्रकाशन हुनेछ । ५ गते दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई चुनाव चिह्न प्रदान गर्ने तालिका छ ।

चुनाव मङ्सिर १६ गते बिहान ७ देखि बेलुका ५ बजेसम्म हुनेछ ।

# आयोगलाई व्यवस्थित र विश्वासिलो बनाइनुपर्छः प्रमुख देवकोटा



**मकवानपुर ।**
बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले लोक सेवा आयोगलाई व्यवस्थित र विश्वासिलो बनाउनुपर्ने बताएका छन् ।

आइतबार हेटौँडामा आयोजित प्रदेश लोक सेवा आयोगको पाँचौँ स्थापना दिवस समारोहमा उहाँले नागरिकको भरोसालाई ध्यानमा राखेर परीक्षा सञ्चालन, विज्ञापन प्रकाशन, सरुवा–बढुवाको विषयमा संवेदनशील भएर कार्य गर्नुपर्ने बताए । प्रदेश प्रमुख देवकोटाले स्वच्छता, निष्पक्षता, वस्तुगत गुणलाई शिरोधार्य गरेर जनताको भरोसालाई कायम राख्दै छितोछरितो र विश्वसनीय रूपमा कार्यसम्पादन गर्न आग्रहसमेत गरे । 'प्रदेश लोक सेवा आयोगमा विभिन्न जटिलताले समस्या उत्पन्न भएका छन्, त्यसलाई व्यवस्थित गर्न सबै पक्षलाई आग्रह छ,'उनले भने,'हरेक समस्याको समाधान हुन्छ, प्रदेश प्रमुखका हैसियतले ती समस्याको समाधानमा म सधैँ तत्पर छु ।'

समारोहमा मुख्यमन्त्री बहादुरसिं लामाले आयोगलाई विश्वासिलो बनाउन सरकार कटिबद्ध रहेको बताए । उनले आयोगलाई छिट्टै सरकारी भवनमा सार्ने व्यवस्था गरिनाका साथै आयोगलाई प्रभावकारी बनाउन सरकारले सहयोग गर्ने र आयोगमा भएका चुनौतीलाई समाधान गर्न सबै क्षेत्रको साथ सहयोग रहनुपर्ने बताए ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले परीक्षालाई विश्वासिलो बनाउनुका साथै ऐनमा नै सरुवा र बढुवालाई व्यवस्थित बनाउन आवश्यक रहेको बताए ।

आयोगका अध्यक्ष महेश्वर श्रेष्ठको अध्यक्षतामा भएको समारोहमा प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका मन्त्रीहरू, उपसभामुख अप्सरा चापागाईं, प्रदेश प्रमुख सचिव डा.हरिप्रसाद लम्साल, कर्मचारी, सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो । कार्यक्रममा आयोगका सदस्य शर्मिला नेउपानेले आव २०८०÷८१ को वार्षिक प्रतिवेदनका प्रमुख विषयवस्तुबारे जानकारी दिएकी थिइन् ।रासस

# 'स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध छ'

**इलाम ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

इलामको चुलाचुली गाउँपालिका–२ बाह्रगोठेमा निर्मित चुलाचुली आधारभूत अस्पताल सञ्चालन सहयोगार्थ आयोजित समावेशी श्रीमद्भागवत सप्ताह महापुराण समापन समारोह एवम् अस्पताल उद्घाटन कार्यक्रममा आइतबार उनले मन्त्रालयले स्वास्थ्य क्षेत्रलाई परिणाममुखी बनाउने योजनाका साथ काम गरिरहेको बताए ।

मन्त्री पौडेलले स्वास्थ्य सेवामा आमनागरिकको सहज पहुँच हुनेगरी काम गरिरहेको बताए । सरकारी अस्पतालका सेवालाई व्यवस्थित गर्दै लगिएको र सबै नेपालीलाई बिमाभित्र समेट्नेगरी मन्त्रालयले तयारी गरिरहेको बताए । 'अहिले स्वास्थ्य बिमाबाट एक लाख रुपैयाँसम्मको उपचार भइरहेको छ, यसलाई बढाएर पाँच लाख रुपैयाँ बनाउने प्रस्ताव गरिएको छ', उनले भने,'स्वास्थ्य बिमाबाट प्राप्त गर्ने सेवालाई गुणस्तरीयका साथै सहज बनाउन श्रोतको सुनिश्चितका लागि आम्दानीका आधारमा बिमा कोषमा योगदान गर्ने व्यवस्था मिलाइनेछ ।'

मन्त्री पौडेलले आमनागरिकले स्वास्थ्योपचार सेवालाई प्रभावकारी बनाउन सरकार निरन्तर लागिपरेको बताए । 'पाँचवटा अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको निःशुल्क उपचार र आठवटा अस्पतालमा जलन रोगको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको छ । २९ वर्षमाथिका सबैको क्यान्सर र किड्नी परीक्षण गर्ने कार्यक्रम ल्याउँदैछौँ', उनले भने ।

मन्त्री पौडेलले भवन निर्माण भएका अस्पतालको जनशक्ति र उपकरण व्यवस्थापनमा सहयोग गर्दै जाने प्रतिबद्धता जनाए । 'जहाँ भवन निर्माण भएका छन् तर उपकण छैनन्, पहिलो प्राथमिकतामा राखेर त्यस्ता अस्पताललाई सहयोग गरिनेछ', उनले भने,'अहिले मन्त्रालयमा बजेटको शीर्षक छैन, भवन बनेका अस्पतालमा उपकरण र जनशक्ति व्यवस्थापन गर्नुपर्छ, त्यसका लागि अर्थ मन्त्रालयमा प्रस्ताव गरेका छौँ ।' मन्त्री पोडेलले सेवाका आधारमा अस्पतालको वर्गीकरण गरिनेसमेत बताए । अस्पताल शय्याका आधारमा नभई सेवाको आधारमा वर्गीकरण गर्ने तयारी गरेको उनको भनाइ थियो ।'सबै सेवा एउटै अस्पतालबाट सम्भव हुँदैन, त्यसैले आधारभूत अस्पतालबाट सम्भव विशिष्टीकृत उपचारका लागि व्यवस्थापनमा लागेका छौँ', मन्त्री पौडेलले भने । चुलाचुलीमा १५ शय्याको अस्पताल उद्घाटन भएको हो । यो अस्पताल सङ्घीय सरकारको १२ करोड ९० लाख रुपैयाँ लागतमा निर्माण भएको छ । रासस

# बाकुबाट सगरमाथाको सन्देशः ‘हिमालको हिउँ जोगाऔँ’

भीष्मराज ओझा
बाकु (अजरबैजान) ।

२९ औँ सम्मेलन (कोप–२९) यही कात्तिक २६ गतेदेखि अजरबैजानको राजधानी बाकुमा जारी छ ।

बाकु सहर समुन्द्री सतहबाट २८ मिटर (९२ फिट) तल अवस्थित छ । यो समुद्री सतहबाट विश्वकै सबैभन्दा तल्लो सतहमा रहेको राजधानी सहर हो । यही सहरबाट समुद्री सतहदेखि आठ हजार आठ सय ४८.८६ मिटर उचाइको विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको देश नेपालले हिमालको हिउँ जोगाउनका लागि पहल गर्न विश्वको ध्यानाकर्षण गराएको छ ।




सम्मेलनमा नेपालले जलवायुसम्बन्धी आफ्नो चासो, हित र आवश्यकताका मुद्दाबारे प्राथमिकता साथ आवाज बुलन्द गरिरहेको छ । नेपालले खासगरी विभिन्न उच्चस्तरीय बैठक, छलफल र वार्तामा पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायुले पारेका असरलाई प्राथमिकतासाथ उठाइरहेको छ ।

यही मङ्सिर ७ गतेसम्म चल्ने कोप–२९ सम्मेलन कात्तिक २६ गते भव्य समारोहका बीच उद्घाटन भएको थियो । कात्तिक २७ र २८ गते भएको उच्चस्तरीय सत्रमा विश्वभरका नेताहरुले जलवायु परिवर्तनका बारेमा चिन्त र चासो व्यक्त गर्दै सिर्जित समस्या साझा नीति तथा कार्यक्रमसहित एकीकृत रुपमा समाधान गर्नुपर्नेमा जोड दिएको थियो ।

सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले उच्चस्तरीय सत्रको ‘विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन’लाई कात्तिक २७ गते सम्बोधन गरेको थियो । उनले आफ्नो सम्बोधनमा विश्व तापमानमा भएको वृद्धिका कारण हिमालको हिउँ पग्लिनेक्रम बढेको उल्लेख गर्दै त्यसलाई जोगाउनका लागि कार्बन बढी उत्सर्जन गर्ने विकसित र ठूला राष्ट्रले पहल गर्नुपर्नेमा जोड दिएको थियो ।

त्यस्तै नेपालले कात्तिक २८ गते सम्मेलनमा छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका प्राकृतिक विपद्का बारेमा विश्वको ध्यानाकर्षण गराएको थियो । विभिन्न देशका राष्ट्रपति, मन्त्री र उच्च अधिकारी सहभागी उक्त कार्यक्रममा पनि नेपालका तर्फबाट राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका कारण अर्बौं मानिसको खानेपानीको स्रोतका रुपमा रहेको हिमाल प्रभावित भई तल्लो तटीय क्षेत्रमा पनि असर पारेकामा विश्व समुदायको ध्यानाकर्षण गरेको थियो ।

उक्त कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनसँगै विश्व तापमानमा भएको वृद्धिले विशेषगरी हिमाल तथा हिमाली मुलुक बढी प्रवाहित भएको र त्यसबाट समग्र विश्व प्रभावित हुने धारणा व्यक्त गर्दै हिमाल तथा पर्वतीय क्षेत्रको संरक्षणमा विश्व समुदायको ध्यान जानुपर्नेमा जोड दिए ।

कोप–२९ सम्मेलनको पाँचौँ दिन कोपको अध्यक्ष मण्डलले आयोजना गरेको उच्चस्तरीय कार्यक्रममा नेपालले हिमाली क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनले गरेका असरबारे सशक्त रुपमा ध्यानाकर्षण गराएको थियो ।

वनमन्त्री शाही सहभागी उक्त कार्यक्रमा उनका तर्फबाट वनसचिव डा दीपककुमार खरालले पर्वतीय क्षेत्रको महत्व र हिमालमा जलवायु परिवर्तनले गरेका असर तथा गर्नुपर्ने कामकाबारेमा ध्यानाकर्षण गराएको थियो । सम्मेलनमा निर्णयको छलफलका लागि एजेण्डा तय गर्ने कोपको अध्यक्षको समूहले राखेको बैठकमा यसरी हिमालका मुद्दा पहिलो पटक छलफल भएको हो ।

नेपालले बैठकमा यसरी हिमालका विषय प्रत्येक कोपमा छलफल होस् भनी माग राखेको थियो । नेपालको उक्त प्रस्तावमा भूटान, ताञ्जानियालगायत राष्ट्रले समर्थन गरेका थिए । यो छलफलले यस सम्मेलनको निर्णयमा हिमालका मुद्दाका सन्दर्भमा केही हुने अपेक्षा गरिएको मन्त्री शाहीका जलवायु सल्लाहकार मञ्जित ढकालले जानकारी दिए ।

राष्ट्रपति पौडेल स्वेदश फर्किपछि नेपालको नेतृत्व गरेका वनमन्त्री शाहीले सम्मेलनमा भएका हरेक बैठक, छलफल र भेटवार्तामा आफूले हिमालका मुद्दालाई नछुटाएको उल्लेख गरे । साथै उनले कोप–२९ सम्मेलनको पूर्वसन्ध्यामा मन्त्रालयले ‘साथसाथै’ संस्थाको सहकार्यमा कर्णालीको रारामा दुईदिने जलवायुसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको बताए । जलवायुले हिमाली क्षेत्रका स्थानीयको जनजीवनमा पारेको असरसम्बन्धी जारी गरिएको ‘रारा घोषणा पत्र’का विषयमा कोप–२९ सम्मेलनमा उठाइएको उनले जानकारी दिए ।

कोप–२९ मा जलवायु परिवर्तनको चेतना जगाउन र युएनएफसिसिसी वार्ता प्रक्रियामा पर्वतीय एजेन्डालाई अगाडि बढाउन नेपालले विभिन्न प्रयास जारी राखेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा सिन्धुप्रसाद ढुङ्गानाले जानकारी दिए । साथै उनले हिमाली क्षेत्रमा जलवायु सङ्कट बढ्दै गइरहेको सन्दर्भमा विश्व समुदायबाट पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधन तत्काल हुन जरुरी रहेको बताए ।

सहसचिव डा ढुङ्गानाका अनुसार कोप–२९ सम्मेलनमा अनुकूलन, हानिनोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकसित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्य कार्यान्यवनको प्रभाव, पेरिस सम्झौताको दफा ६ सहित सो सम्झौतामा उल्लिखित वैश्विक मापन, महासन्धीको दीर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, ‘जस्ट ट्राञ्जिसन’सम्बन्धी कार्यक्रम, न्यूनीकरणसम्बन्धी ‘वर्क प्रोग्राम’, लैङ्गिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ ।

कोप–२८ को निर्णयमा पहिलो पटक हिमालका मुद्दा स्वीकार

गत वर्ष युएईको दुबईमा सम्पन्न कोप–२८ का दस्तावेजमा पहिलो पटक जलवायुले हिमालमा पारेका असरका बारेमा समावेश गरिएको थियो । हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप–१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको वन मन्त्रालयका सहसचिव बुद्धिसागर पौडेलले बताए । त्यसयताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आएको छ । सहसचिव पौडेलले अन्तर्राष्ट्रिय सम्मेलनहरुमा नेपालले गरेको छलफल, वार्ता र पैरवीका कारण हिमालका मुद्दा स्थापित हुँदै गएकोसमेत बताए ।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको वन मन्त्रालयका अर्का सहसचिव डा महेश्वर ढकालले बताए । साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान गरिएको छ ।

विगतका तीनरचार दशकको तथ्याङ्क हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ । विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करिब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ । यसैगरी हाल नेपालमा सम्भावित जोखिमा रहेका तालको सङ्ख्या २१ रहेको छ । चीनको तिब्बतका २५ र भारतको एउटा हिमताल फुट्दा तिनको असर नेपालमा पनि पर्नेछ । नेपालमा दुई हजार ७० हिमताल छन् ।

पर्वतीय मुद्दालाई विश्व मञ्चमा उजागर गर्ने उद्देश्यले यसअघि नेपाल सरकारले सन् २०२४ मे २२ र २३ मा काठमाडौँमा ‘हिमाल, मानव र जलवायु’सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवादको आयोजना गरेको सहसचिव डा ढकालले जानकारी दिए । जलवायु परिवर्तनको चेतना जगाउन र युएनएफसिसिसी वार्ता प्रक्रियामा पर्वतीय एजेण्डालाई अगाडि बढाउन गरिएको ‘हिमाल, मानव र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद’ले नेपालसहित विश्वभरका दुई सय ५० भन्दाबढी प्रतिनिधिबीच छलफल भएको थियो ।

उक्त संवादले हिमाली क्षेत्रमा जलवायु सङ्कट बढ्दै गइरहेका सन्दर्भमा पर्वतीय राष्ट्रहरूका समस्याको पहिचान र सम्बोधन तत्काल हुन जरुरी रहेकामा जोड दिँदै घोषणापत्र निकालेको थियो । रासस

# नेपाल टेलिकममा रोबोट सेवा सुरु



**काठमाडौँ ।**
नेपाल टेलिकमले ग्राहक सेवामा सुधार गर्ने उद्देश्यले रोबोट प्रविधिको प्रयोग सुरु गरेको छ । सुन्धारास्थित टेलिकमको कार्यालयमा आइतबार ‘एआई ज्याक’ नामक रोबोट सेवा सञ्चालन गरिएको कार्यालय प्रमुख दिनेशचन्द्र पन्थीले जानकारी दिए ।

‘कार्यालयमा दैनिक दुई सयदेखि तीन सय सेवाग्राही आउँछन् । जनशक्ति पर्याप्त नहुँदा छिटो सेवा दिन कठिन थियो । अब भने रोबोटले धेरै काम सहजिलो बनाउने अपेक्षा लिएका छौं,’ उनले भने, ‘सामान्य सोधपुछदेखि एनटीसी सेवाका ६ सय जति प्रश्नको उत्तर ग्राहकले रोबोटमार्फत सुन्न सक्नुहुन्छ ।’

रोबोटलाई अझै प्रभावकारी बनाउन नयाँ प्रणाली जडान गर्ने योजना रहेको प्रमुख पन्थीले जानकारी दिए । रोबोटले सेवाग्राहीका एनटीसीका विषयमा सोधिएका प्रश्नका जवाफ दिनेछ । साथै कुन सेवा लिन कुन शाखामा जाने नक्शा विवरण पनि रोबोटले दिनेछ ।

प्रमुख पन्थीले विदेशीलाईसमेत सुविधा दिने उद्देश्यले रोबोटमा अङ्ग्रेजी र नेपाली भाषाबाट सेवाको व्यवस्था मिलाइएको बताए । रासस

# सामान्य अङ्कले बढ्यो नेप्से

**काठमाडौँ ।**
साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढेको छ । आइतबार परिसूचक चार दशमलव ९८ अङ्कले बढेर दुई हजार सात सय ५३ दशमलव ७६ को बिन्दुमा कायम भएको छ ।

आइतबार विभिन्न कम्पनीका तीन सय २६ कम्पनीको दुई करोड ४४ लाख २६ हजार नौ सय कित्ता शेयर एक लाख १३ हजार दुई सय ५२ पटक खरिदबिक्री हुँदा ११ अर्ब ७२ करोड ६७ लाख ५६ हजार नौ सय चार रुपैयाँ बराबरको कारोबार भएको छ ।

आइतबार बैंकिङ शून्य दशमलव २१, वित्त एक दशमलव ६३, उत्पादन तथा प्रशोधन एक दशमलव १३ र निर्जीवन बीमा समूह शून्य दशमलव ६९ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै होटल तथा पर्यटन समूहको उपसूचक दुई दशमलव २१ प्रतिशतले बढेको छ ।

त्यस्तै, विकास बैंक शून्य दशमलव ६२, जलविद्युत् शून्य दशमलव ८५, लगानी शून्य दशमलव १७, जीवन बीमा शून्य दशमलव २१, लघुवित्त एक दशमलव २८, म्युचुअल फन्ड शून्य दशमलव २९, व्यापार शून्य दशमलव २४ र अन्य समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ ।

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड र स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ भने समृद्धि फाइनान्स कम्पनी लिमिटेड र गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको ४५ करोड १७ लाख १० हजार तीन सय ७२ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको सबैभन्दा धेरै १२ लाख ४२ हजार तीन सय ८९ कित्ता शेयर किनबेच भएको छ । रासस

# रुसद्वारा युक्रेनमाथि भीषण आक्रमण

**किएभ ।**
रुसले आइतबार युक्रेनमाथि ठूलो ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेको छ । आक्रमणले ऊर्जा पूर्वाधारलाई लक्षित गरेको थियो भने नागरिकहरूको ज्यानसमेत लिएको थियो । आक्रमणलाई अधिकारीहरूले पछिल्ला महिनाहरूको सबैभन्दा ठूलो भनी वर्णन गरेका छन् ।

जाडोअघि मस्कोले युक्रेनको विद्युत् उत्पादन क्षमतालाई तहसनहस पार्ने मनसाय राखेको बारे चिन्ता बढिरहेको बेला यो आक्रमण भएको हो ।

राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार रुसले युक्रेनभर ठूलो मात्रामा कूल एक सय २० क्षेप्यास्त्र र ९० ड्रोन प्रक्षेपण गरेको छ । उनले विभिन्न प्रकारका ड्रोनहरू प्रयोग गरिएको र यसमा इरान–निर्मित शाहेदहरूका साथै क्रुज, ब्यालिस्टिक र विमान–प्रक्षेपित ब्यालिस्टिक क्षेप्यास्त्रहरू समावेश रहेको जानकारी दिए ।

युक्रेनी रक्षाले एक सय ४० वटा हवाई लक्ष्य खसाएको जेलेन्स्कीले टेलिग्राम मेसेजिङ एपमा एक विज्ञप्तिमा बताए । ‘शत्रुको लक्ष्य युक्रेनभरि हाम्रो ऊर्जा पूर्वाधार थियो । दुर्भाग्यवश, आक्रमण र खसेका भग्नावशेषबाट वस्तुहरूमा क्षति पुगेको छ । माइकोलाइभमा ड्रोन आक्रमणबाट दुई व्यक्तिको मृत्यु भयो र दुई बालबालिकासहित अन्य छ जना घाइते भएका छन्’, उनले भने ।

स्थानीय गभर्नर ओलेह किपरका अनुसार ओडेसा क्षेत्रमा अन्य दुई जनाको मृत्यु भएको छ । त्यहाँ आक्रमणले ऊर्जाको पूर्वाधारमा क्षति पु¥याएको छ र बिजुली र पानीको आपूर्ति अवरुद्ध भयो ।

किएभको सिटी मिलिटरी एडमिनिस्ट्रेशनका प्रमुख सेरही पोप्कोका अनुसार संयुक्त ड्रोन र क्षेप्यास्त्र आक्रमण तीन महिनामा भएको सबैभन्दा शक्तिशाली थियो ।

सन् २०२२ फेब्रुअरीमा मस्कोले आफ्नो छिमेकीमाथि पूर्ण आक्रमण गरेदेखि रुसी आक्रमणले युक्रेनको विद्युत् पूर्वाधारमा प्रहार गरिरहँदा बारम्बार आपत्कालीन विद्युत् बन्द र देशव्यापी रोलिङ ब्ल्याकआउट निम्त्याएको छ ।

युक्रेनी अधिकारीहरूले नियमित रूपमा पश्चिमी सहयोगीहरूलाई आक्रमणको सामना गर्न र मर्मतका लागि देशको हवाई सुरक्षा बलियो बनाउन आग्रह गरेका छन् ।

स्थानीय रिपोर्टका अनुसार आइतबार युक्रेनको राजधानी किएभ, ओडिसाको प्रमुख दक्षिणी बन्दरगाहका साथै देशको पश्चिम र मध्य क्षेत्रहरूमा विस्फोटको आवाज सुनिएको थियो । रासस

# साइबर प्रविधिमा आधारित ठगीमा विद्यार्थी बढी संलग्नः राष्ट्र बैंक



**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइले ‘रणनीतिक विश्लेषण प्रतिवेदन २०२४’ (स्ट्राटेजिक एनालिसिस रिपोर्ट २०२४) सार्वजनिक गरेको छ । इकाइले यस वर्ष साइबर प्रविधिमा आधारित ठगी (साइबर इनेबल्ड फ्रड) का विषयमा तयार पारेको प्रतिवेदन सरकारसमक्ष पेस गरी आइतबार सार्वजनिक गरिएको हो ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा १० को खण्ड (क) मा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीसम्बन्धी कसूरको प्रकार कसूर गर्ने प्रविधि, पद्धति तथा प्रवृत्ति समेतका विवरण संलग्न गरी आफ्नो काम कारवाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्र बैंकमार्फत नेपाल सरकारसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।

प्रतिवेदनमा साइबर प्रविधिमा आधारित ठगीका विशेषता र यस्तो ठगीमार्फत प्राप्त सम्पत्तिको शुद्धीकरणमा प्रयोग गरिने पद्धतिको चर्चा गरिएको छ । साथै प्रतिवेदनमा ती ठगीमा सामाजिक सञ्जाल र भुक्तानी प्रणालीमा रहेका विशेषताको दुरुपयोगको विषयमा समेत विश्लेषण गरिएको छ ।

प्रतिवेदनमा सन् २०२४ को पहिलो पाँच महिनामा प्राप्त भएका साइबर प्रविधिमा आधारित ठगीसम्बन्धी शङ्कास्पद कारोबार विवरणको विस्तृत रूपमा विश्लेषण गरिएको छ । उक्त विश्लेषणबाट यस प्रकारको शङ्कास्पद कारोबारमा १८ देखि २४ वर्ष उमेर समूहका व्यक्ति र पेसामा ‘विद्यार्थी’ उल्लेख गरेका व्यक्तिहरू सबैभन्दा बढी संलग्न रहेको देखिएको छ ।

यसैगरी, अधिकांश शङ्कास्पद खातामा त्यस्तो खाता सञ्चालन भएको तीन महिनाभित्र शङ्कास्पद कारोबार भएको पाइएको छ । साइबर प्रविधिमा आधारित ठगीका लागि मुख्य रूपमा उपहार तथा तथा पार्सल ठगी, सामाजिक सञ्जालका माध्यामबाट हुने ठगी, अनलाईन व्यापारसम्बन्धी झुटा प्लेटफर्म, ओटिपी फ्रड,लट्री फ्रडलगायतका तरिकाको प्रयोग भएको पाइएको छ ।

प्रतिवेदनको निष्कर्षका आधारमा साइबर प्रविधिमा आधारित ठगी न्यूनीकरण गर्न सूचक संस्था, कानुन कार्यान्वयन गर्ने निकाय अनुसन्धानकारी निकाय र नियामक तथा सुपरिवेक्षकीय निकायलाई आवश्यक सुझावहरू सिफारिस गरिएको छ । साथै यस्तो ठगी न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय जगतमा भएका प्रयासका बारेमा समेत चर्चा गरिएको छ । रासस


मोबाइलबाटै
मधेशदृष्टि
पढ्नका लागि
स्क्यान गर्नुहोस्

# कस्तो छ नेपाल–भारत सैनिक सम्बन्ध ?

**काठमाडौँ ।**

राष्ट्रपति रामचन्द्र पौडेलले भारतका स्थलसेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीलाई आगामी बिहीबार नेपाली सेनाको 'मानार्थ महारथी'को सम्मान प्रदान गर्दै छन् । नेपाली सेनाका परमाधिपतिसमेत रहेका राष्ट्रपति पौडेलले सेनाध्यक्ष द्विवेदीलाई मानार्थ महारथीको दज्र्यानी प्रदान गर्ने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

भारतीय स्थल सेनाध्यक्ष नेपालको पाँच दिवसीय भ्रमणमा यही मङ्सिर ५ गते काठमाडौँ आउने कार्यक्रम छ । नेपाल र भारतबीच सन् १९५० देखि एक–अर्को देशका सेना प्रमुखलाई 'मानार्थ महारथी'को दज्र्यानी चिह्न प्रदान गर्ने अनुपम परम्परा छ । छिमेकी देशका सेनाबीचको यस्तो सम्मान परम्पराले सम्बन्धलाई सुमधुर तुल्याउन र सौहार्दता कायम राख्न एउटा महत्वपूर्ण कडीका रुपमा भूमिका खेल्ने विश्वास गरिएको छ ।





### *'नेपाल–भारत सैनिक कूटनीति उदाहरणीय'*

***हिमालय थापा, पूर्वउपरथी***

नेपाल र भारतबीच सैनिक सम्बन्ध प्रगाढ छ । यसको संवेदनशीलता र महत्व राजनीतिभन्दा अलग छ । यो सम्बन्ध धेरैअघिदेखिकै हो । पहिलो र दोस्रो विश्वयुद्धदेखि नै नेपाली युवाले गोर्खा सैनिकमा भर्ना भई योगदान दिइरहेका छन् । द्वन्द्वका हिसाबले चुनौती देखिएका ठाउँमा साहासिक र व्यावसायिक विश्वास आर्जन गरेका गोर्खा सैनिक खटाउँदै आएको देखिन्छ । विगतमा भारतीय सेनाले नेपाली सेनाको सङ्गठन पुनःसंरचनामा सघाएदेखि नै दुई देशबीचको सैनिक सम्बन्ध प्रगाढ हुँदै गएको छ । दुई सङ्गठनबीच सम्बन्धमा कहिल्यै चिसोपन देखिन्न ।

विसं २०७२ को भूकम्प भएलगत्तै खोजी, उद्धार र राहतका लागि हेलिकप्टरसहितको जनशक्तिको सहयोग नेपाललाई प्राप्त भएको थियो । दुवै देशका सेना प्रमुखलाई एकअर्का मुलुकले मनार्थ महारथी दिने चलन अनुपम छ । विगतका नाकाबन्दी खुलाउने विषयमा पनि भारतीय सेनाले नेपाललाई सहयोग गरेकै हो । राजनीतिक क्षेत्रबाट कुनै प्रश्न उठेमा सैनिक कूटनीतिका माध्यमद्वारा सम्बोधन गर्न सकिन्छ भन्ने उदाहरणका रुपमा त्यसलाई लिन सकिन्छ । नेपाल–भारतबीचको सम्बन्ध बहुआयामिक छ । नेपाल र भारतबीच सैनिक तहमा स्थापित सम्बन्ध सैनिक कूटनीतिका क्षेत्रमा संसारकै लागि एउटा सशक्त उदाहरण बनिरहेको छ ।

### *'सैनिक सङ्गठनबीचको सहयोग आपसमा फलदायी'*

***गौरवकुमार केसी, प्रवक्ता, नेपाली सेना***

नेपाली सेनाका प्रधान सेनापति र भारतीय स्थल सेनाध्यक्षमा नियुक्ति भएपछि सेनाप्रमुखका हैसियतले एक–अर्को देशको औपचारिक भ्रमण गर्ने पुरानो प्रचलन र संस्कृति जस्तै बनेको छ । सोही सिलसिलामा भारतीय सेनाध्यक्ष उपेन्द्र द्विवेदी यही मङ्सिर ५ गतेदेखि नेपाल भ्रमणमा आउन लागेका छन् । नेपाल र भारतबीच भ्रमणका क्रममा एकअर्का मुलुकले मानार्थ महारथी प्रदान गर्ने विशिष्टखाले परम्परा छ । यो प्रचलन अविछिन्नरुपमा चलिआएको छ । नेपाल र भारतबीच सैनिक सम्बन्ध मात्र नभई समानखाले सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक र भौगोलिक अवस्थाले पनि जनस्तरमा समेत गहिरो र विशिष्ट सम्बन्ध छ । यसले एकअर्काबीचमा सहयोग, सम्बन्ध र सम्पर्क बलियो तुल्याएको छ । दुवै राष्ट्रका सैनिक सैनिक सङ्गठनबीच विभिन्न तहमा तालिम, अभ्यास र भ्रमण आदान प्रदान निरन्तर हुँदै आएका छन् । नेपाली फौज भारतमा र भारतीय फौज नेपालमा आई गरिँदै आइएको संयुक्त अभ्यासले विश्वमा विकास भइरहेको सैनिक रणनीति तथा अनुभव र ज्ञान साटासाटमा योगदान पु¥याएको छ । अर्कातर्फ भारतीय सेनामा ठूलै संख्यामा नेपाली युवा कार्यरत रहनुले पनि जनस्तरमा समेत एक खाले आत्मियता छ । यसले नेपाल र भारतबीच जनस्तरमा समेत विशिष्ट तथा माथिल्लोस्तरको सम्बन्ध कायम राख्न मलजल गरेको छ । सैनिक सङ्गठनबीच हुने सहयोग, समन्वय, भ्रमण, तालिम, अभ्यास र अन्य गतिविधिले दुवै देशबीचको सम्बन्धलाई फलदायी तुल्याएको छ । प्राकृतिक विपत्ति र प्रकोपका समयमा तत्क्षणमै सहयोग प्राप्त भइरहेको छ ।

### *'मानार्थ महारथी' उपाधि छिमेकीबीचको असल अभ्यास'*

***रामचन्द्र खत्री, पूर्वसैनिक सहचारी, नयाँदिल्ली***

भारतीय सेनाको प्राथमिकता ठूला तथा शक्तिशाली देश पर्नेभए तापनि नेपालको विकास र समृद्धि तथा नेपाली सैनिकको क्षमता अभिवृद्धिलाई भारतले उत्तिकै प्राथमिकतामा राखेको छ । दक्षिण एशियाकै पुरानो सङ्गठन नेपाली सेना अन्तर्राष्ट्रियस्तरमा जानकार, साहासिक, व्यावसायिक र अनुशासित भन्ने छिमेकीको बुझाइ रहेको छ । भारतले हरतरहले नेपाली सेनालाई सहयोग गर्न तयार देखिन्छ



। सैनिक सम्बन्ध, 'मिलिटरी डिप्लोमेसी' वा सैनिक कूटनीतिक जुन भाषा प्रयोग गरे पनि प्रत्येक देशका सेनाको पहिलो कर्तव्य भनेको राष्ट्रियहित तथा स्वाधीनताको संरक्षण र सम्वद्र्धन नै हो । देशको प्रमुख राष्ट्रिय सुरक्षा अङ्ग सेनालाई परराष्ट्र नीति, सैनिक कूटनीति र राष्ट्रिय सुरक्षा नीतिले दिएको कार्य जिम्मेवारीलाई पूरा गर्ने मुख्य ध्येय हुन्छ ।

सैनिक सहचारीको जिम्मेवारीमा नयाँदिल्लीमा रहँदा भारतीय सेना र नेपाली सेनाबीच सैनिक सम्बन्धलाई सुदृढ तुल्याउनमै भूमिका केन्द्रित रह्यो । कमीकमजोरीलाई हटाउँदै सैनिक सम्बन्धलाई बलियो तुल्याउने विषयमा खबर आदानप्रदान, सम्पर्क स्थापना र समन्वय गर्ने कार्य निरन्तर भयो । कूटनीति, सैनिक, सूचना र आर्थिक राष्ट्रिय हितका महत्वपूर्ण आयाममध्ये सुरक्षा त्यतिकै महत्वपूर्ण पक्ष हो । त्यसआधारमा नेपाल र भारतका सैनिक सङ्गठनले आफ्ना ढङ्गले सम्बन्धलाई अघि बढाइरहेको अवस्था छ ।

मुलुकको परराष्ट्र नीतिमा पनि राष्ट्रिय सुरक्षालाई सम्वद्र्धन र प्रवद्र्धन गर्ने भनेको छ भने राष्ट्रिय सुरक्षा नीतिले सैनिक कूटनीतिलाई मिल्दोरुपमा संरक्षण गर्ने भन्ने उल्लेख छ । नेपाल र भारतका फौजले सैनिक कूटनीतिका माध्यमबाट जुनसुकै समस्या र उठेका प्रश्न हल गर्न सकिन्छ भन्ने विगतका विभिन्न घटनाबाट पुष्टि भइसकेको छ ।

यसैबीच सैनिक सहचारीलाई सङ्गठनले बेग्लै कार्यादेश दिएको छ । दिल्लीमा रहनेलाई भारतीय सेनाले प्राथमिकतामा राख्दै अन्य सुरक्षा फौजसँग पनि सन्तुलित रुपमा सम्बन्ध कायम गर्नुपर्ने दायित्व रहन्छ । नेपाल र भारतबीच सन् १९५० पछि एकअर्को देशका सैनिक प्रमुखलाई मानार्थ महारथीबाट विभूषित गर्ने परम्परा छ । नयाँदिल्लीमा विभिन्न देशका कूटनीतिक नियोगमा ६० भन्दाबढी सैनिक सहचारी छन् । उनीहरुले नेपाल र भारतका सेना प्रमुखलाई प्रदान गरिँदै आएको 'मानार्थ महारथी' लाई छिमेकीबीचको असल अभ्यासका रुपमा हेर्ने गरेको पाइन्छ । यस्ता प्रचलनलाई अरु देशले पनि आत्मसात् गरिनुपर्ने उनीहरुको भनाइ थियो । छिमेकीबीचमा अटल सैनिक सम्बन्ध विस्तारमा यस्तो संस्कृतिको ठूलो भूमिका रहन्छ । दुवै देशले मानार्थका विषयलाई उत्तिकै महत्व दिँदै आएका छन् । भारतीय सेनाले भौतिक पूर्वाधारका अतिरिक्त तालिम, अभ्यास, प्रविधि हस्तान्तरण र स्वास्थ्य क्षेत्रमा समेत नेपाली सेनालाई सहयोग गरिरहेको छ ।

आपसी सहमतिमा नेपाली सेनालाई क्षमता अभिवृद्धिका लागि तालिम र भौतिक सामग्री बेग्लै विधिद्वारा उपलब्ध गराउँदै आएको छ । नेपाली सेनालाई आवश्यकपर्ने सैन्य रणकौशल (ट्याक्टिकल), 'अप्रेशनल' र रणनीतिक तहका व्यवसायिक तालिममध्ये राष्ट्रिय प्रतिरक्षा तालिम (एनडिसी) मा भारतले उपलब्ध गराउने 'कोटा'मा नेपाललाई प्राथमिकता दिँदै आएको छ । नेपाल र भारतीय सेनाबीचको सहकार्यलाई अघि बढाउने सन्दर्भमा दुवै मुलुकबीच नियमित बैठक हुँदै आएका छन् । गुणस्तरमै नियमित एक–अर्का देशमा हुँदै आएको 'अभ्यास सूर्यकिरण'ले पछिल्ला वर्षमा सैनिक सङ्गठनबीचको सम्बन्ध सुदृढ तुल्याउन कोशेढुङ्गाको काम गरेको छ । दुवै देशका सेना सम्मिलित 'माउण्ट एभरेष्ट आरोहण' पनि विगतमा भएको थियो । नेपालमा विभिन्न तहका लागि सञ्चालित संयुक्त राष्ट्र सङ्घीय शान्ति कार्य, आर्मी कमाण्ड तथा स्टाफ कलेज, अधिकृत आधार, माउण्टेन बारफेयर, जङ्गल बारफेयर र प्यारा बेसिक तालिममा भारतीयसहित १५ भन्दाबढी देशका सैनिक सम्मिलित हुँदै आएका छन् ।

दुवै सेनालाई चाहिने तालिम र अरु आवश्यक सामग्री व्यवस्थापन गर्न बेग्लै नीतिगत व्यवस्था बनाउनुपर्ने तथा पूर्वसैनिक प्रमुखबीच निरन्तर छलफल, भेटघाट र भ्रमण आदानप्रदान गर्न बलियो प्रणाली बेलाबखत अभाव खड्केको छ । यस्ता क्रियाकलापले दुवै सङ्गठनबीच विश्वास र सहयोगका लागि योगदान पु¥याउँछ ।

(नेपाल–भारत सैनिक सम्बन्ध र एकअर्का देशका सेना प्रमुखलाई प्रदान गरिने 'मानार्थ महारथी' उपाधिका सन्दर्भमा केन्द्रित रही नेपाली सेनाका प्रवक्ता केसी, पूर्वउपरथी थापा र सहायकरथी खत्रीसँग राससले गरेको कुराकानीमा आधारित)

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

# उपचारका नाममा भारतीयबाट ठगिँदै नेपाली

**सञ्जय मिश्रा**
**रौतहट ।**

भारतीय महिला–पुरुषहरुको गिरोहले उपचारको नाउँमा रौतहटमा ठगी धन्दा चलाइरहेको खुलेको छ । रौतहटसँग जोडिएको भारतीय सहर बैरगनियाका महिला–पुरुषको गिरोह केही नेपालीलाई दलालको रूपमा परिचालन गरी जिल्लाको कटहरियासहित कैयौँ ठाउँमा उपचारको नाममा सर्वसाधारणको लाखौँ रुपैयाँ ठगी गरिरहेको प्रकाशमा आएको हो । बैरगनियाकी प्रियंका कुमारी नाम गरेकी एकजना महिलाले अगुवाई गरेको गिरोहले कटहरिया नगरपालिका ५ स्थित एकजना स्थानीय महिला र एकजना पुरुषलाई दलालको रूपमा परिचालन गरेका थिए । उनीहरू गाउँमा रोग लागेका बिरामीलाई भेटेर प्रियंकाले दिने औषधिले बिना डाक्टर सबै रोग निको हुन्छ भनेर प्रचारप्रसार गर्दै आएका थिए ।

भारतीय महिला प्रियंकाको नेतृत्वमा आउने गिरोह कटहरिया स्थित खानेपानीको कार्यालय छेउमा एउटा घर भाडामा लिएर प्रत्येक बिहीबार त्यहाँ दर्जनौं बिरामीलाई जम्मा गरेर उनीहरूलाई भ्रमित हुने गरी भाषण दिएर प्रभावमा पार्ने गरेका थिए । प्रियंकाले आफू बिरामीहरुलाई निको पार्ने संकल्प लिएर अहिलेसम्म बिहे नगरी घरबाट तपाईंहरुको सेवामा लागेको छु बताएकी थिइन् ।



एकजना बिरामीका अभिभावक सर्फलाल महतोका अनुसार प्रियंकाले डीएक्स एन फार्मा कम्पनी मलेसिया र भारत हैदराबादबाट उत्पादित औषधिले जुन सुकै रोग निको हुन्छ यसमा डाक्टर चाहिँदैन भनेर जनही ५ देखि १० हजार रुपैयाँ उठाएर केही औषधि सेवनका लागि दिने गरेका थिए । प्रियंकाकै कुराको भरमा आमाको लागि ७ हजारको औषधी किनेर ठगिएको महतोले बताए । कटहरिया ५ मा मात्र ७५ जना बिरामीलाई उक्त गिरोहले कैयौं महिनादेखी उपचारको नाउँमा लाखौं रुपैयाँ ठगेको महतोले बताएका छन् ।

स्थानीय दलालसँग नम्बर लिएर भारतीय महिला प्रियंकासँग मधेशदृष्टिले कुरा गर्दा तपाईं बिरामी खोज्नुस, अन्य दलाल सरह मासिक तपाईंको खातामा पनि पैसा पठाउने बताएकी थिइन् । हामी जोडेको कम्पनीको औषधिको लागि डाक्टर चाहिँदैन, सबै रोग निको हुन्छ, सामान्य जानकारी चाहियो भने बैरगनिया आउनुस्, बिस्तृत जानकारीको लागि मंगलवार सीतामढी आउनुस त्यहाँ गुरुजी आउनु हुन्छ भनेकी थिइन् । यही सन्दर्भमा जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेलाई जानकारी गराउँदा उनको निर्देशनमा ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मुकेश कुमार सिंहको नेतृत्वमा गएको टोलीले उपचारको नाउँमा ठगि गर्ने भारतीय गिरोहलाई भगाएको थियो ।

गिरोहको केही महिलाहरुले भारतीय सहर बैरगनियाबाट लागिरहेको डीएक्स एन फार्मा कम्पनीको औषधि गौर भन्सार नजिकै प्रहरीले बरामद गरेको थियो । बरामद औषधी नेपालमा दर्ता नरहेको औषधि व्यवस्था विभाग वीरगंजले बताएपछि आवश्यक कार्यवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी दीपक कुमार रायले बताएका छन् । यसरी उपचारको नाउँमा कटहटियामा हुनेगरेको ठगी धन्दा मधेशदृष्टि र प्रहरीको सक्रियताले बन्द भएको छ ।

ठगी गिरोह आउन छोडेका छन् । तर जिल्लाको अन्य क्षेत्रमा पनि यस्तो गिरोह सक्रिय भएर गाउँ गाउँमा स्थानीयलाई दलाल बनाएर सैयौं नेपालीलाई उपचारको नाउँमा ठगी रहेको प्रत्यक्षदर्शीले बताएका छन् । उपचारको नाउँमा भारतीयबाट भईरहेको ठगी नियन्त्रण गर्न प्रहरी प्रशासनसँगै जनप्रतिनिधि र नागरिक समाजको ध्यान जान जरुरी रहेको छ ।

# एमाले र कांग्रेसबीच छलफल



**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा एमाले र कांग्रेस दुई दलिय राजनैतिक संयन्त्रको बैठक वीरगंजमा सम्पन्न भएको छ ।

बैठकले पर्सा जिल्लामा विभिन्न विकास निर्माणको कार्य अघि बढाउन संघीय र प्रदेश सरकारका मन्त्री र सांसदसँग छलफल गरी प्रधानमन्त्री तथा मन्त्रीहरुलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ । जिल्लाको विकास निर्माण र अन्य मागको मस्यौदा तयार गर्न नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी र नेकपा एमाले पर्साका सचिव महेश दासलाई जिम्मेवारी दिने निर्णय पनि बैठकले गरेको छ । नेपाली कांग्रेस पर्साका सभापति तथा प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीको अध्यक्षतामा बसेको बैठकमा कांग्रेस उपसभापति रामनारायण कुर्मी, जिल्ला सचिव दिनेश चौधरी तथा नेकपा एमालेबाट केन्द्रीय सदस्य एवम् पर्सा इन्चार्ज प्रभु हजरा, जिल्ला अध्यक्ष डा. विशम्भर कुमार शर्माको सहभागिता रहेको थियो । वर्तमान संयुक्त सरकारको कामलाई नतिजामुखी बनाउन केन्द्रीय तह, प्रदेश तह र जिल्ला तहमा दुई दलिय संयन्त्र बनाइएको सहभागिहरुले बताएका छन् ।

# ३१ लाख बराबरको अवैध सामान भन्सार दाखिला

**मधेशदृष्टि**
**वीरगंज ।**

सशस्त्र प्रहरी बल पर्साले करिब ३१ लाख रुपैयाँबराबरको अवैध सामान भन्सार दाखिला गरेको छ । वीरगंज महानगरपालिा –१४ गण्डक स्थित नं. १३ गण हेडक्वाट पर्साबाट सशस्त्र प्रहरी निरीक्षक आन बहादुर गुरुङ्को कमाण्डमा खटिगएको टोलीले चेकप्वाईन्ट थापी चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रुपमा भन्सार छलि सार्वजनिक सवारी साधनमा लोड गरि नेपालतर्फ ल्याउँदै गरेको ७९,८०० मूल्य बराबरको किराना सामान बरामद गरी आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाईएको छ । आइतबार नै प्रस्तावित सिमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले वीरगंज–१६ भन्सार मेनगेट तथा अन्य बिभिन्न सीमानाकाहरुबाट भारतबाट अवैध रुपमा भन्सार छलि ना १० प ६६१६ नं. को मोटरसाइकल तथा अन्य विभिन्न सार्वजनिक सवारी साधनमा लोडगरी नेपाल तर्फ ल्यादै गरेको मुल्य १८ लाख २६ हजार ५ सय ४७ रुपैयाँ बराबरको मोटरपाट्स, ब्यक्तिले प्रयोग गर्ने नर्मल औषधि, मोवाईल एसेसोरिज, जुता र किराना सामानहरु बरामद मोटरसाइकलको भन्सार मुल्य १ लाख ५० हजार मुल्याङ्कन गरि आवश्यक कारवाहिको लागि भन्सारमा बुझाईएको छ । यसैगरी गुल्म अलौबाट खटिएको टोलीले जिल्ला वीरगंज –१७ कोनियाबाट ५ लाख ३ हजार बराबारको कवाडिका सामानहरु, वीरगंज–१६ भन्सार मेनगेटबाट १ लाख ६७ हजार ५ सय मूल्य बराबरको कपडा, ई.रिक्साको भन्सार मुल्य ३ लाख मुल्याङ्कन गरि आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाईएको सशस्त्रका प्रहरी नायव उपरीक्षक बिष्णु हरी घिमिरेले जानकारी गराए ।

# दान पेटीकाबाट थप ५ लाख रुपैयाँ बढी भेटी संकलन



**मधेशदृष्टि**
**वीरगंज ।**

बाराको महागढीमाई नगरपालिकाको बरियारपुरमामा रहेको गढीमाई मन्दिरमा राखिएको दान पेटीका थप ५ लाख रुपैयाँ भन्दा बढी भेटी संकलन भएको छ । दोश्रो पटक शनिबार खोलिएको चार वटा दान पेटीकाबाट नगद ५ लाख २४ हजार १६५ रुपैयाँ भेटी संकलन भएको गढीमाई मेला सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए । यस्तै दान पेटीकाबाट सुनका गहना ३ थान र चाँदीको ७ थान गहनासमेत संकलन भएको उनले बताए । गढीमाई मन्दिर प्राङ्गणमा राखिएका चार वटा दान पेटीकाबाट कात्तिक १४ देखि कार्तिक ३० गतेसम्म १७ दिनको अवधिमा उक्त भेटी संकलन भएको उनले बताए । यसअघि दशैंको घटस्थापना अर्थात असोज १७ देखि कार्तिक १३ गतेसम्म मन्दिर प्राङ्गणमा रखिएका चार वटा दान पेटिकाबाट ७ लाख ३५ हजार ३४१ रुपैयाँ नगद तथा नगदी रसिदबाट २ लाख ३१ हजार ७२ रुपैयाँ गरी कूल ९ लाख ६६ हजार ४१३ रुपैयाँ भेटी संकलन भएको थियो । साथै दान पेटीकाबाट पाँच वटा सुनको तिलहरी गरी ७ थान सुनको गहना र २६ थान चाँदीका गहनापनि भेटीका रुपमा संकलन भएको थियो । दान पेटीकाबाट संकलन भएको रकम गढीमाई विकास समितिको कोषमा जम्मा गरिने अध्यक्ष यादवले बताए ।

# यु–१९ क्रिकेटर साना प्रविनलाई भेटेर मन्त्रीले दिए बधाई

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले यु–१९ महिला विश्वकप क्रिकेटका लागि छनोट भएकी नेपाली राष्ट्रिय टिमकी सदस्य साना प्रवीणलाई उनको घरमै पुगेर बधाई दिएका छन् । आइतबार दिउँसो वीरगंज महानगरपालिका–१३ मूर्लीस्थित सानाको निवासमा



पुगेर मन्त्री जयसवालले सम्मान व्यक्त गरेका हुन् । भेटमा मधेस प्रदेशका पूर्व प्रदेशसभा सदस्य जन्नत अन्सारीले सानालाई क्रिकेट खेलका सामग्री प्रदान गर्दै सफलताको शुभकामना दिए । मन्त्री जयसवालले यु–१९ महिला विश्वकपका लागि छनोट भएका मधेश प्रदेशका तीनै जना खेलाडीको हौसला बढाउन उनीहरूको घरमै पुगेर बधाई दिने बताए । अब राष्ट्रिय टिमकी कप्तान महोत्तरी निवासी पूजा महतो र अर्की खेलाडी बारा जिल्ला निवासी एलिशा यादवको निवासमा पुगेर पनि सम्मान गर्ने उनले बताए । यसैबीच मन्त्री जयसवालले यु–१९ महिला विश्वकप क्रिकेटका लागि छनोट भएका मधेशका तीनै जना खेलाडीलाई छिट्टै जनही १ लाख ५१ हजार रुपैयाँको पुरस्कार प्रदान गर्ने बताए ।

# शाखा प्रमुखहरुको मनोमानी भारतीय गुणस्तरहीन दुध आयात

**मधेशदृष्टि**
**सर्लाही ।**

जिल्लाको लालबन्दीमा रहेको दुग्ध विकास संस्थान(डिडिसी)का प्रमुख कार्यालयमा नबस्ने गरेका किसानहरुले गुनासो गरेका छन् । लालबन्दी नगरपालिका ९ स्थित रहेको नवलपुर दुग्ध चिस्यान केन्द्रका कार्यालय प्रमुख सुवर्ण खनाल कहिलै पनि कार्यालयमा नबस्ने गरेका कारण आफुहरु सामान्य कुनै समस्या भएर कार्यालयमा जाँदा पनि काम नभई फर्किनु परेको किसानहरुले गुनासो गरेका छन् । डिडिसीका क्षेत्रीय कार्यालय हेटौँडाका प्रमुख राजिव खनालको आर्शिवाद पाएर २०८१ भदौमा कार्यालय प्रमुख भएर सुवर्ण दुग्ध विकास संस्थान(डिडिसी)का महाप्रबन्धक सूर्य प्रसाद पौडेल अनुगमनमा आउँदा समेत फेला नपरेका दुग्ध विकास संस्थान(डिडिसी)का एक कर्माचारीले बताए । नवलपुर दुग्ध चिस्यान केन्द्र लालबन्दीका प्रमुख भएपनि प्रमुख सुवर्ण अधिकांश समय हेटौँडा र काठमाडौँ बस्ने गर्दा नवलपुर दुग्ध चिस्यान केन्द्र लालबन्दीमा रहेका कर्माचारीहरु पुर्ण रुपमा गैर जिम्मेवार हुनुका साथै दुधमा नुन, चिनी तथा पानी र पाम आयल लगायतका अखाद्य वस्तु मिसाउने गरेका समेत एक कर्माचारीले नाम नबताउँने सर्तमा बताए ।

नवलपुर दुग्ध चिस्यान केन्द्र लालबन्दीका प्रमुख सुवर्णलाई भेट्न कार्यालयमा किसानहरु जाँदा समेत त्यहाँका कर्माचारीहरुले गैर जिम्मेवार जवाफ दिने गरेका किसानहरुको गुनासो छ । दुग्ध विकास संस्थान(डिडिसी)का क्षेत्रीय कार्यालय हेटौँडाका प्रमुख राजिवले पुर्ण रुपमा आश्रय दिँदा नवलपुर दुग्ध चिस्यान केन्द्र लालबन्दीका प्रमुख सुवर्णको मनोमानी बढेको पाइएको छ । यसका साथै सर्लाहीको बलरा नगरपालिका ३ लक्ष्मीपुरमा रहेको दुग्ध चिस्यान केन्द्रको नाममा गैर कानुनी रुपमा गुणस्तरहीन भारतीय दुध समेत डिडिसीले भित्र्याउने गरेको छ ।

बलरा नगरपालिका ३ लक्ष्मीपुरमा रहेको दुग्ध चिस्यान केन्द्रको नाममा बिल बनाएर धर्मेन्द्र यादवले मलंगवामा भारतीय दुध ल्याउने र सोही दुध डिडिसीले विक्री तथा वितरण गर्ने गरेको स्रोतको दाबी छ । ना १ क ४७१,ना १ क ४७२ र ना १ क ४६६ नम्बरका दुग्ध विकास संस्थान(डिडिसी)का गाडिमा भारतीय गुणस्तरहीन दुध नेपाल भित्र्याउने र अन्यन्त्र वितरण गर्ने गरेको पाएको छ । बलरा नगरपालिका ३ लक्ष्मीपुरमा रहेको दुग्ध चिस्यान केन्द्रका प्रमुख राम सिंह भोलन समेत कार्यालयमा नबस्ने र बलरा नगरपालिका ३ लक्ष्मीपुरमा रहेको दुग्ध चिस्यान केन्द्रमा दुध समेत नहुने गरेको पाइएको छ । अनुगमनकारी निकाय मौन बस्दा दुग्ध विकास संस्थान(डिडिसी)का सर्लाहीमा रहेका शाखाहरुको मनोमानी बढ्नुका साथै दुग्ध विकास संस्थान(डिडिसी)लाई दुध बेचेका किसानहरु समस्यामा परेका पाइएको छ । यता, सो विषयमा बुझ्दा नवलपुर चिस्यान केन्द्रका निमित्त प्रमुख नितेश यादवले कार्यालय प्रमुख खनाल आमा बिरामी भएकोले विदामा बसेका साथै डिडिसीको विषयमा आएका कुरामा सत्यता नभएको दाबी गरे ।



नेपालका लागि आधिकारिक बिक्रेता : देवकी ट्रेडर्स
मो. 9855021614

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन